# नेपाल देशको इतिहास संग्रह

## सृष्टिवर्णन ।

**गुरुं गणपतिं दुर्गां वटुकं शिवमच्युतम् ।।**
**ब्रह्माणं गिरिजां लक्ष्मीं वाणीं वन्दे विभूतये ।।**
**अनाद्ययायाखिलाद्याय मायिने गतमायिने ।।**
**अरूपाय स्वरूपाय शिवाय गुरवे नमः ।।**

**अस्मिन्ननाद्यनन्ते जगति पुराकाले कीदृशी धर्मव्यवस्था, किरूपा सदाचारपद्धतिः, किमात्मिका व्यवहारमर्यादा, कथंस्वरूपा कलाकुशलता, किंप्रकारा नीतिव्यवस्था प्रावर्तत, केनुभूपतयः कथं समवर्तन्त, के वा देवाः सेवा-वशंवदाः कं भुवो भागमलंचक्रुरितीतिहसमन्तरा दुर्ज्ञेयं पूर्ववृत्तपरिशीलनं वांछद्भिः पुरातनेतिहास एवं नैकवि-धानि सदसत्पूर्वकर्माणि तदनुरूपफलपरिपाकांश्चावगमय्य "इतिहास आस, एवमतः प्रवर्तितव्यम्" इति चरित्रशुद्धि विधाय स्थेयसे श्रेयसे प्रवर्तयत्युत्तरोत्तरं पुरुषान् ।**

**अतः श्रीगुह्येश्वरीपशुपतिपादपंकजरजःसंपर्कपुण्यतमं भुवोरत्नं नेपालदेशमुद्दिश्य पूर्ववृत्तो देशेतिहासः क्रमशः संगृह्य प्रकाश्यते ।**

अखण्ड सच्चिदानन्द परब्रह्मलाई सृष्टिको इच्छा हुँदा त्रिगुणमय मूलप्रकृतिरूप अव्यक्तबाट महत्तत्वको, महत्तत्वबाट अहंकारको, अहंकारबाट पंचतन्मात्राको, पंचतन्मात्राबाट पंच-महाभूतको, तिनमा पनि आकाशबाट वायुको, वायुबाट तेजको, तेजबाट जलको, जलबाट पृथ्वीको सृष्टि भयो। यस्ता क्रमबाट व्यक्त जगत्को उत्पत्ति भयो। सृष्टि गर्ने रजोगुण अंशप्रधान भएका ब्रह्मा, स्थिति गर्ने सत्वगुण अंश प्रधान भएका विष्णु, संहार गर्ने तमोगुण अंश प्रधान भएका शिवस्वरूप देवताको पनि आविर्भाव भयो । यस्तै गरी एक एक अंश प्रधान भएका अरू धेरै देवताको पनि सृष्टि भयो। सो सृष्टि भएका ब्रह्माण्ड अनन्त छन् तापनि यस जगत्को प्रमाण ५० कोटि योजन विस्तार छ। बीचमा सुमेरु भएको पद्माकार छ । यसमा अष्टशृंग आदि नाना पर्वतहरू रहेका छन्। यसमा पृथ्वीका तल माथिसमेत गरी १४ भुवन छन् :– भूर्लोक १, भुवर्लोक २, स्वर्लोक ३, महर्लोक ४, जनलोक ५, तपोलोक ६, सत्यलोक ७ यी सात माथिका भुवन हुन् । तल १, अतल २, सुतल ३, तलातल ४, महातल ५, रसातल ६, पाताल ७ यी सात तलतलका भुवन हुन्। यस पृथ्वीमा सात द्वीप छन् ;– जम्बू-द्वीप १, प्लक्षद्वीप २, शाल्मलिद्वीप ३, पुष्करद्वीप ४, क्रौंचद्वीप ५, कुशद्वीप ६ शाकद्वीप ७ यीसात द्वीपहरू र क्षारसमुद्र आदि सप्त समुद्रले बेह्रिएका छन् । सुमेरुलाई चन्द्र, सूर्य, ग्रह, तारागणहरू परिक्रमा गर्दछन्। निमेषभरमा सूर्य २२०२ योजन चल्दछन् । सुमेरुमाथि दश दिक्पालका लोक छन्। ४००० अचलपुरी छन्। ४३००० अष्टपुरी छन् । ५०००० व्योमपुरी छन्। ४८००० लोमपुरी छन्। आकाशका प्रमाणको संख्या ९४८३४६९५७६५९५५२१ नौं पद्म अटचालीस नील चौतीस अर्व उनाहत्तर खर्व सताउन्न कोटि पैंसट्ठी लाख पंचान्नब्बे हजार पांच सय एक्काईस योजन छ।

सात द्वीपमध्ये उत्तम द्वीप जम्बूद्वीप , त्यसमध्ये उत्तम भारतवर्ष, त्यसमध्ये पनि उत्तम आर्यावर्त, त्यसमध्ये पनि उत्तम स्थल वाराणसी हो । त्यस वाराणसी क्षेत्रभन्दा पनि चतुर्गुणले श्रेष्ठ भुक्ति मुक्ति दिने नेपाल पाशुपत क्षेत्र हो भन्ने कुरा शास्त्रमा लेखिएको छ। जुन पाशुपत क्षेत्रमा सर्वान्तर्यामी

★फिल्डमार्शल अतिरथी **श्री केशरशम्शेर राणा**को संग्रह केशर पुस्तकालयमा रहेको 'नेपाल देशको इतिहास" नामक हस्तलिखित पुस्तकबाट लामा वाक्य छोट्याउँदा र कतै नमिलेको वाक्य मिलाउंदा गर्नुपर्ने केही सुधारबाहेक जस्ताको तस्तै उद्धृत गरिएको छ—संपादक।

श्री पशुपतिनाथ, श्री गुह्येश्वरी विराजमान हुनुभएको छ। यिनै ईश्वरको प्रथम प्रकटको संक्षेप कथा हिमवत्खण्डमा लेखेबमोजिम कहिन्छ।

## पशुपतिको उत्पत्ति

यो ससार एकार्णव भई जलमय भएमा चन्द्र सूर्य नभई अन्धीभूत भएका कालमा यो जगत्को कर्ता, पालक, हर्ता, मैं हुँ" भनी ब्रह्माबाट अहंकार गर्दा विष्णुबाट पनि "सब कर्ता पनि मैं हुँ, सबै लोकको पिता पनि मैं हुँ, सर्वै भूतमा मैले नै ास गरेको छु, विश्वरूप पनि आदिपुरुष पनि मैं हुँ" भनी परस्परमा विवाद गर्न लागेका बखतमा ब्रह्मा र विष्णुको शेखी हरण गर्नाका निमित्त ती दुइको बीचबाट आदि अन्त नदेखिने स्तंभाकार भएको ज्योतिर्मय लिंगको उत्पत्ति हुँदो भयो। सो देखि आश्चर्य भई डराएर ब्रह्मा, विष्णु दुबै भागी जान लागेका बखतमा "यो ज्योतिस्वरूपको आदि अन्त जसले ल्याउन सक्तछ उही ठूलो हो" भनी आकाशवाणी भएको सुनी "त्यसो भए हे विष्णु, तिमी पातालमा गई मूलको अन्त लिई आऊ, म ऊर्ध्वमार्ग भई गई माथिको अन्त लिई आउँछु" भन्ने ब्रह्माको वचन सुनी "हुन्छ, मूलको अन्तको दर्शन गर्न जान्छु" भनी विष्णु पातालमा जांदा भए। ब्रह्मा पनि ऊर्ध्वमार्गमा गई सप्तलोकमाथि गौलोकसम्म पुग्दा भए। तैपनि ज्योतिर्मय लिंगको अन्त पाउन नसकी दुबै फर्की आएपछि मूलको अन्त गर्न मैले त सकिन, तिमीले कहांसंम पायौं, सांचो भन" भनी विष्णुले आज्ञा गर्दा आफूले ज्योतिस्वरूपको ठीक अन्त गर्न नसकेको भए पनि आफ्नो महत्व पार्नाका लागि नदेखेको कुरा जमाई " मैले त ऊर्ध्वमार्गमा गई अन्त पाएँ, यी कामधेनु, बन्धूकपुष्प, केतकी पुष्प, जपापुष्पहरू पनि देख्ने साक्षी छन्, नपत्याए सोध" भनी आफ्ना साक्षीसमेत ब्रह्माले वकाएको देखी लाज मानी विष्णुले अधोमुख गर्दा भए। त्यस समयमा अलक्ष्यरूपबाट "यो कुरा बिलकुल झूटो हो, यी दुष्टसाक्षी हुन्, यस्तो असत्य बोल्ने कामधेनुको मुख अपवित्र भइजाओस्, झूटो बोल्ने यी फूलहरू मेरा अर्चनमा नचढून्, निर्माल्यतुल्य होइजाऊन्, यस्तो ठूलो देव भई नदेखेको कुरा देखें भनी उल्टो झूटा साक्षीसमेत खडा गरी आएका हुनाले कसैले पनि ब्रह्माको पूजा नगरून्, अपज्यू भै सृष्टिकर्ता भइरहून्।" यस्तो आकाशवाणी सुनी सबै आश्चर्य हुँदा भए। त्यहाँपछि ज्योतिर्लिंग स्तंभाकार भएको देखी ब्रह्मा विष्णु दुबैले "संसारका कर्ता, पालक, हर्ता यिनै रहेछन्" भनी अनेक तरहले स्तुति गर्दा स्तुतिले प्रसन्न भई शिवशक्तिस्वरूप भई दर्शन दिनुभयो।

उहाँपछि सृष्टिको इच्छा गर्ने ब्रह्माको प्रार्थना सुनी शिवजीले जलमय संसार सुकाउन सूर्य, अग्नि र गणेशहरू देवता प्रादुर्भाव गरी पृथ्वीमा भएको अधिकांश जल सुकाउन लाउनुभयो। हिमालयको दक्षिणपट्टि सोही लिंग उत्पन्न भएको ठाउँ तलाउ जस्तो भएको थियो। त्यहांको पानी गणशले पिएर सुकाए। सो लिंग धनु प्रमाण मात्र अग्लो भई रहेको थियो। बराबर देवताहरू अर्चन गर्न आउँदथे। केही काल यही किसिमसंग बितेपछि सो ज्योतिर्लिंग त्यहीं गुप्त भइजांदा देवताहरू पनि आफआफ्ना स्थानमा गएका हुनाले सो ज्योतिर्लिंग माटोले माथिबाट पुरिई दबिएर रहेको थियो। नानातरहका शाल आदि गरिएका वृक्षले र नानातरहका झर्नाले, पक्षीहरूका मीठोमीठा शब्दले अत्यन्त रमणीय भएको वाग्मती नदीका तीरमा भएको यस श्लेष्मान्तक वनलाई देखी काशी र कैलाश त्याग गरी शिवजी र पार्वती पनि पशुस्वरूप लिई सोही श्लेष्मान्तक वनमा घुम्न लाग्नुभयो। यस्तै बीचमा श्री शिवजीलाई ब्रह्मा, बिष्णु, इन्द्र आदि देवता नारदआदि मुनिहरूले खोज्दा पनि नपाएका हुनाले देशदेशमा पुण्यभूमिमा खोज्दै जांदा एक दिन श्लेष्मान्तक वनमा पुगेपछि एकलै बसिरहेकी बहुतै सौन्दर्यले युक्त भएकी एक कन्या देखी नजीकमा गई कुरा गर्दा पार्वती भनी चिनी पार्वतीको स्तुति गरी "जगत्का ईश्वरलाई खोजी गर्दा कहीं पनि पाउन सकेनौ, शिवजीविना जगत्को शोभा छैन, शिवजी कहाँ हुनुहुन्छ ? यहाँलाई अवश्य थाहा हुनुपर्छ, यहांलाई यहां देख्न पाएका हुनाले शिवजी पनि यहीं हुनुहोला भन्ने मनले ठहराएका छौं, परन्तु यहाँको उपदेश नपाई शिवजीलाई चिन्न नसक्ने भयौं "भन्ने इत्यादि ब्रह्मा, विष्णु, इन्द्र, इत्यादि देवता-हरूको नम्रतासाथको वचन सुनी "वाग्मतीको पश्चिम भागमा मृगरूपधारी शिवजी हरिणसंग बसी विहार गरिरहनुभएको छ" भन्ने पार्वतीबाट उपदेश पाई सोही संकेत पाएको स्थानमा गई सबै विचार गरी हेर्दा एकशृंग, त्रिनेत्र भएका मृगरूप धारण गरेका हरिणीरूप धारण गरेकी पार्वती र अरू हरिणसग बसिरहेका शिवजी देखी यिनै हुन् भन्ने निश्चय गरी देख्नेबित्तिकै नानास्तोत्रले स्तुति गर्दा पनि जब मृगरूप छोड्नुभएनथ्यो, ब्रह्मा, बिष्णु, इन्द्र तीनै जनाले समात्ने मन्त्रणा गरी चांडै गई बडो युक्तिसंग शृंगमा समात्दा शृंग तीन टुक्रा भई तीनै जनाको हातमा पर्‍यो, हरिणेश्वर शिवजी भने त्यहाँबाट उफ्री अन्तरिक्षमा जानुभयो। ब्रह्मा, बिष्णु, इन्द्र आदि देवताहरूले नाना प्रकारले स्तुति गर्दा हरिणेश्वर प्रसन्न भई 'मेरो माया-स्वरूप तिमीहरूले देख्न पायौ, अतिरमणीय ठाउँ हुनाले म यहीं बस्दछु, जाने मेरो इच्छा छैन। पशुको स्वरूप लिई यस स्थलमा म बसेको हुनाले मेरो नाम पशुपति भन्ने लोकमा

प्रख्यात हुनेछ। जसले मेरो दर्शन गर्ला त्यसको पशुजन्म कहिले पनि हुनेछैन, संपूर्ण पापबाट मुक्त हुनेछ।" भन्ने कुरा र "पर्वतराज हिमालयको कुक्षिमा रहेको यस क्षेत्रमा वाग्मतीको जल थुनी चारैतिर नानावृक्षले पूर्ण भइरहेको ज्यादै आवागमन नभएको अतिरमणीय नागदह भन्ने ठूलो तलाउ बन्नेछ। ब्रह्माबाट वर पाएका बाणका पुत्र महेन्द्रमन आदि दैत्यहरूले आफ्नो तपोबलले ३०००० तीस हजार वर्षसंम सुप्रभा नगरको राज्य गरिरहनेछन्। प्रभावती हरण गर्नाका निमित्त श्री कृष्णका पुत्र प्रद्युम्न आई दैत्यको वध गर्नेछन्। श्री कृष्णका बाहुलीले चोभारमा चक्र प्रहार गरी पहाड काटिदिएपछि नागदहको पानी सुक्नेछ। त्यहांपछि वाग्मती आफ्नो प्रवाहअनुसार बगी जानेछन्। त्यहांपछि मेरो ज्योतिर्लिंगमाथि स्थापना भएको शिलास्वरूपमाथि कामधेनु गाईले आफ्नो दुग्धधारा चढाएको देखी आश्चर्य मानी वाग्मतीनिर खनी हेर्दा मेरो चतुर्वक्र मूर्ति प्रकट हुनेछ। त्यहाँ-पछि किराती नाम गरेका धर्मदेखि रहित भएका म्लेच्छले राज गर्नेछन्। सूर्यवंशमा उत्पन्न भएका विशाल कुलका क्षत्रिय राजाले ती किरातीहरूलाई जिती राजपाठ गर्नेछन्। ब्राह्मणका हातबाट प्रतिष्ठा गरी मेरो पूजा मान गर्नेछन्। यिनै राजाहरूको राज्य भएमा विद्वान्हरू अरू देशबाट बोलाई नीतिसाथको प्रजापालन आदि गर्नेछन्। यिनैको वंशमा शिशुपालको अवतार भएका भक्तवर्मा राजा जन्मी जगतमा ठूलो नीति, धर्मव्यवस्था, स्थिति नानाप्रकारले गरी आफ्नो कीर्ति बढाउनेछन्।" भन्ने इत्यादि कुरा महादेवबाट भन्नुभई पंचतीर्थको र वाग्मतीको महात्म्य सुनाई पछि हुने भविष्य कुरासमेत सुनाउनुभयो। "प्रमथ गणले युक्त भई मृगरूप धारण गरी यसै वनमा क्रीडा गर्न मेरो इच्छा पुगेको छैन। जहाँ जहाँ मृगरूप धारणा गरी मृगस्थली प्रभृति स्थानमा घुम्नेछु, त्यहाँ त्यहाँ पुराणभूमि भनी जान। मार्ग कृष्ण चतुर्दशी मेरो प्रियतिथिमा व्रीहिक्षेपण गरी परिक्रमा जो गर्ला त्यसलाई उत्तम फल होला।" भन्ने कुरा शिवजी ले भन्नुभएको सुनी "हे हरिणेश्वर, हामीहरूको हातमा परेको शृंग के गर्ने हो ?" भनी ब्रह्मा, विष्णु, इन्द्रले अंजलि बाँधी विनति गर्दा "ब्रह्माका हातमा परेको शृंग ब्रह्माले वाग्मती र चन्द्रभागा नदीका तीरमा स्थापना गरिदिनू, गोकर्णेश्वर भनी तिनको नाम प्रसिद्ध हुनेछ। विष्णुको हातमा परेको शृंग विष्णुले पातालमा स्थापना गरिदिनू, शृंगेश्वर भन्ने नाम प्रसिद्ध हुनेछ। इन्द्रको हातमा परेको शृंग इन्द्रलोक अमरावतीमा लगी स्थापना गरिदिनू, यस लिंगलाई पछि रावणले हरण गरी आफ्नो देशमा लैजान लाग्दा बाटामा सन्ध्या समय भई सन्ध्या गर्न लाग्दा लिंग बिसाएको हुनाले पछि त्यस स्थलबाट उठाउन नसकी त्यहीं रहनेछ। तिनको नाम दक्षिण गोकर्णेश्वर भनी प्रख्यात हुनेछ।" भन्ने इत्यादि कुरा आज्ञा गरी शिवजी अन्तर्ध्यान हुनुभयो। त्यहाँपछि शिवजीले भनेअनुसार ब्रह्मा विष्णु, इन्द्रले शृंगको स्थापना गरी आफ्ना स्थानमा जाँदा भए।

केही कालपछि विश्रवा मुनिको वीर्यले कैकसी राक्षसीको गर्भबाट जन्मेका दशग्रीव रावणले बाबुको उपदेश पाई पाशु-पतक्षेत्रका उत्तर गोकर्णेश्वरको आराधना गरी प्रसन्न गराई ब्रह्माको मुखबाट दुर्लभ वर पाई भाइ कुंभकर्ण, विभीषण, पुत्र मेघनाद साथमा लिई पृथ्वी, पाताल जिती वैमातृक भाइ कुवेरलाई समेत जिती कुवेरको पुष्पक विमान हरण गरी स्वर्गमा गई इन्द्रादि देवतालाई समेत जिती अमरावतीमा इन्द्रले हरिणेश्वर **शृग** स्थापना गरेको शिवलिंग उखेली लंकामा लैजान रावणले ल्याउंदा बाटामा सांझ पऱ्यो र सन्ध्या गर्न निमित्त भूमिमा राखी सन्ध्या गरिसकी शिवलिंग उठाउन खोज्दा पृथ्वीबाट उठाउन नसकी हार मानी त्यहीं छोडी लंकामा गए, तिनै शिवलिंग दक्षिण गोकर्णेश्वर भनी प्रख्यात भए।

पाशुपत क्षेत्रको ज्योतिर्लिंग गुप्त भई माटोले ढाकी राखेको थियो। सोही जगामा कामधेनु गाई नित्य ज्योति-स्वरूप गुप्त भइरहेका स्थानमा मृत्तिकामाथि आफ्नो दूध चढाई जाने गर्दथिन्। देवताहरूले छाडी गएका १०००० वर्षपछि कामधेनुले प्रतिदिन दूध चढाएको कोही एक म्लेच्छ जातिले थाहां पाई 'यस जग्गामा के रहेछ, केही नभए यसरी प्रतिदिन गाईले आफ्नो दूध चढाई जानु केही कारण थिएन' भनी आफूसमा सल्लाह गरी धेरै मानिस जम्मा गरी खनी हेर्दा खनेको ठाउँबाट ज्योति निस्की त्यहाँ भएका सबै जना भस्म भए। धर्मरहित भएका म्लेच्छहरूले ज्योतिस्वरूपको दर्शन पाई लीन भए भन्ने खबर ब्रह्माले थाहा पाई त्यस जग्गामा आई ज्योतिर्लिंगमाथि मणिमय लिंग स्थापना गर्दा भए। फेरि विष्णुले पनि इन्द्रनीलमणिको लिंगाकार बनाई त्यसमाथि स्थापना गर्दा भए। आफ्ना आफ्ना तेजको एक एक भाग राखी शिवलिंग स्थापना गरेको हुनाले यो लिंग ब्रह्मबिष्णुशिवात्मक लिंग भयो भनी सबै देवदेवता आई स्तुति गरी सोही लिंगको वरिपरि इन्द्रादि सबै देवताले आफ्ना आफ्ना हातले पनि शिलवलिंग स्थापना गर्दा भए। सबै देवताले सहित भएको पशुपतिनाथले यस क्षेत्रमा राज गर्नुभएको हुनाले सबै क्षेत्रमध्ये अत्युत्तम पाशुपत क्षेत्र भनी लोकमा प्रख्यात हुँदो भयो।

## गुह्येश्वरीको उत्पत्ति

अघि सत्ययुगमा महादेवले दक्षप्रजापतिकी छोरी सतीदेवीलाई विवाह गर्नुभएको थियो। कुनै दिनमा दक्ष-प्रजापतिले यज्ञ गर्दा आफ्ना अरू जुवाइं, छोरीहरूलाई बोलाउन पठाए, परन्तु महादेवसंग मेल नहुनाले सतीदेवीलाई र महादेव-लाई निमन्त्रणा पठाएनन्। बाबुले यज्ञ गर्न लागेको खबर सुनी "निमन्त्रणा नआएको भए पनि म जान्छु" भनी सतीदेवीले महादेवसंग विन्ति गर्दा "तिमी नजाऊ, त्यहाँ गएर तिम्रो केही प्रतिष्ठा हुनेछैन, वृथा अपमान सहनुभन्दा नजानु असल हो" भनी महादेवजीले आज्ञा गर्दा पनि आज्ञा नमानी सतीदेवी दक्षप्रजापतिका घरमा जाँदी भइन्। त्यहाँ पुगेपछि महादेवको अपमान गरेको सुन्न नसकी "यस्ता पुरुषका संबन्धबाट जन्मेको यो देह राख्नु असल छैन" भनी सतीदेवीले सोही यज्ञशालामा आफ्नो प्राण त्याग गर्दिभइन्। सो खबर महादेव-बाट सुन्नुभई रीसले दक्षको यज्ञ विध्वंस गरी ज्यादा अपशोच मनमा लिई सती देवीको प्राणरहित भएको शरीरलाई महादेवबाट काँधमा बोक्नुभई उन्मत्त जस्तो भई देशदेश घुम्न लाग्नुभयो। सतीदेवीको शरीर ठाउँ ठाउँमा गिर्न लाग्यो। जहाँ जहाँ पतन भयो त्यहाँ त्यहाँ भगवतीको पीठशक्ति उत्पन्न हुँदो भयो। पहिले कामरूप पीठमा योनिस्थान पतन भएको हुनाले कामाक्षा देवी भनी नाम प्रख्यात भयो। यही क्रमले पृथ्वीमा पञ्चाशत् पीठ उत्पन्न भए। नेपाल पाशुपत क्षेत्रमा गुह्यस्थान पतन भएको हुनाले गुह्येश्वरी भनी नाम प्रख्यात भयो। पीठपीठमा यो पीठ महापीठ हो। यी सबै पंचाशत् पीठमा प्रायः शिवशक्तिस्वरूप भई महादेव पनि विराजमान हुनुभएको छ।

श्री गुह्येश्वरी भवानीबाट महादेवको आदिशक्ति म हुं भनी उहाँसंग विवाह गर्नाको इच्छाले पिता हिमालय र माता मेनकाको गर्भबाट जन्म लिई पार्वती नामले प्रख्यात भइन्। पर्वतराज हिमालयले ती पुत्री पार्वती श्रीमहादेवलाई कन्यादान दिई अनेक रत्न सुवर्णादि दाइजो दिई हेमन्त भैरव साथ लगाई पठाइदिए। आफ्नो पर्वतभागमा बडो गुप्तरूपले रहेको पाशुपतपुरी दाइजो दिए। यस पुरीमा श्री पशुपति, श्री पार्वती शिवशक्ति भई मृगस्थलीमा आनन्दसित विराजमान भई रहनुभयो।

मेरुतन्त्र दशम प्रकाशमा कामरूप आदि पीठ फलानो वर्णस्वरूप भएको छ, त्यसमा फलानो अंग पतन भएको हो, यसमा यति देवता रहन्छन् भन्ने कुराका प्रसंगमा नेपाल यस्तो पीठ हो भन्ने कुरा लेखिएको छ।

**नेपालं तु इकारः स्याद् गुह्यं तत्र तु पार्वति ।**
**तस्माद् वामस्य मार्गस्य मूलस्थानं तदुच्यते ।**
**षट्पंचाशल्लक्षमिता भैरव्यो भैरवास्तथा ।**
**शक्तीनां च सहस्रेद्वे पीठानां च शतत्रयम् ।**
**चतुर्दश श्मशानानि तत्र सन्निहितानि च ।**
**दक्षमार्गसिद्धिदानि पीठान्यष्टौ तु तत्र च ।**
**सिद्धिर्वैदिकमन्त्राणां तत्र पीठे चतुष्टये ।**
**तन्मलं यत्र पतितं जातं तदुपपीठकम् ।**
**नेपालात्पूर्वदेशे तत्किरातैरुपवेष्ठितम् ।**
**त्रिंशत्तत्र सहस्राणि देवयोन्यश्च सन्ति हि ।**

अर्थः— इकार वीज भएको गुह्य पतन भएको पीठ नेपाल हो। त्यसमा अधोअंगमध्ये प्रधान अंग पतन भएको हुनाले नेपाल वाममार्गको मूलस्थान हो। यस क्षेत्रमा ५६०००० छपन्न लाख भैरव र भैरवी, २००० दुइ हजार शक्ति, ३०० पीठ, १४ श्मशान छन्। ती पीठमध्ये दक्षिण मार्गको उपासनाले सिद्धि दिने ८ पीठ छन्। सो गुह्यभागबाट निस्केको मल पतन भएको ठाउँ उपपीठ बन्यो। नेपालदेखि पूर्वपट्टि किरातजातिले वास गरेको त्यस उपपीठमा ३०००० तीस हजार देवयोनिहरू रहेका छन्। यस्ता प्रकारसंग देवदेवीको वास हुनाले नेपालमा खरीका वृक्ष उत्पन्न भएका छन्। अन्यत्र खरीका रूख दुर्लभ छन् भनी वृद्धहरू भन्दछन्।

श्री पार्वतीका अंगदेखि नदी स्वरूपले प्रादुर्भाव भएका शक्तिहरू पूर्वमा सात कौशिकी र पश्चिममा सात गण्डकी छन्।

**सात कौशिकीका नामः-**

१, दुर्गास्वरूप शुभश्रवा नाम गरेकी (सुनकोशी)।
२, नारायणीस्वरूप पापघ्नी नाम गरेकी (तामाकोशी)।
३, चण्डीस्वरूप भद्रावती नाम गरेकी (दूधकोशी)।
४, शिवदूतीस्वरूप महाप्रभा नाम गरेकी (अरुण)।
५, कपर्दिनीस्वरूप वरदा नाम गरेकी (वरुण)।
६, वाराहीस्वरूप दुःखघ्नी नाम गरेकी (तमोर)।
७, वासवीवाहिनी सत्यवाहिनी नाम गरेकी (इन्द्रायणी)।

यी सात नदीलाई कुशिक ऋषिले तपस्या गरी प्रकट गरेका हुनाले सप्तकौशिकी भनी प्रसिद्ध भए। यिनको उत्पत्तिको कथा हिमावत्खण्डको ४० अध्यायमा छ।

**सात गण्डकीका नाम:—**

१, माहेश्वरीस्वरूप धर्मधारा नाम गरेकी (त्रिशूलगण्डकी)।
२, ब्राह्मीस्वरूप यशोधारा नाम गरेकी (बूढीगण्डकी)।
३, नारसिंहीस्वरूप विश्वधारा नाम गरेकी (मर्स्याङ्दी)।
४, वैष्णवीस्वरूप शितप्रभा नाम गरेकी (सेती)
५, कौमारीस्वरूप रत्नधारा नाम गरेकी (मादी)।
६, कालिकास्वरूप सुवर्णाभा नाम गरेकी (तादी)।
७, गंगास्वरूप कृष्णाभा नाम गरेकी (काली)।

यी सात नदीलाई गण्ड ऋषिले तपस्या गरी प्रकट गरेका हुनाले सप्तगण्डकी भनी प्रसिद्ध भए। यिनको उत्पत्तिको कथा हिमवत्खण्डको ४४ अध्यायमा छ।

## चतु:षष्ठि लिंग र तीर्थहरू

श्री पशुपतिनाथका तीन प्रदक्षिणामा यी आवरण भई रहेका चतु:षष्ठि लिंग र तिनका तीर्थहरूको नाम तथा स्थानहरू :—

| देवता | तीर्थहरू | | | ठाउँ |
|---|---|---|---|---|
| १, कुशेश्वर | कौशिकी र लीलावतीको संगम | दुर्गतीर्थ | पूर्व | दुंजा |
| २, भोमेश्वर | कौशिकी र भद्राको संगम | देवतीर्थ | | दोलखा |
| ३, काफीश्वर | कौशिकी र शैवलतीको संगम | सुवर्णतीर्थ | | कापिङकोट |
| ४, कश्वपेश्वर | | कश्यपतीर्थ | | मंडन |
| ५, स्फटिकेश्वर | चन्द्रकान्ति र हिमाश्रवाको संगम | कान्तितीर्थ | | फटकशिला |
| ६, चण्डेश्वर | रूपवती र रुद्रवतीको संगम | उग्रतीर्थ | | बनेपा |
| ७, घनेश्वर | | स्पृहातीर्थ | | बनेपा |
| ८, विकटेश्वर | | पुष्पतीर्थ | | धुलिखेल |
| ९, इन्द्रेश्वर | लीलावती र रूपावतीको संगम | शचीतीर्थ | आग्नेय | पनौती |
| १०, भालेश्वर | लीलावती र सुखश्रवाको संगम | गन्धर्वतीर्थ | | ब्याहावर |
| ११, गुप्तेश्वर | शिला र रसाको संगम | सिद्धतीर्थ | दक्षिण | फूलचोकी डांडा |
| १२, तिलेश्वर | सरस्वती र मनोमतीको संगम | रुद्रतीर्थ, श्रीतीर्थ | | लेले |
| १२, चम्पकेश्वर | | सरस्वतीतीर्थ | | लेले |
| १४, रामेश्वर | प्रभावती र सरस्वतीको संगम | प्रभावतीतीर्थ | | टीकाभैरव |
| १५, कालेश्वर | घर्घरा र वैतरणीको संगम | कालतीर्थ | | टुंगन, भृगुचो |
| १६, नृत्येश्वर | | ब्रह्मतीर्थ | | महादेवटार |
| १७, उद्दालकेश्वर | धर्मगंगा | रुद्रतीर्थ | नैऋत्य | फर्पिङ, हासी डोल |
| १८, गोपालेश्वर | गोपदी र वाग्मतीको संगम, ब्याघ्रतीर्थ, | शिखरिणीतीर्थ, गोपालतीर्थ | | फर्पिङ |
| १९, चम्पकेश्वर | चन्द्रकान्ति र रत्नकान्तिको संगम .... | ब्रह्मतीर्थ | | चितलाङ, बिसंखेल |
| २०, उन्मत्तेश्वर | चित्रकान्ति र सुवर्ण नदीको संगम | सुवर्णतीर्थ | | बिसंखेल, तिष्टुङ |
| २१, नन्दिकेश्वर | रत्नकान्ति र सुवर्णप्रभाको संगम | नन्दितीर्थ | | तिष्टुङ |

| | | | | |
|---|---|---|---|---|
| २२, गोखुरेश्वर | रत्नकान्ति नदीतीर्थ | गोतीर्थ | पश्चिम | कुंछाल, तिष्टुङ |
| २३, पांडुकेश्वर | रोचिका र रेतोवतीको संगम, भद्रतीर्थ | व्योमपर्वत, नारदतीर्थ | | पालुङ |
| २४, कूटेश्वर | गण्डवर्ती र श्वेतकान्तिको संगम | गालव तीर्थ | | वायव्य-आगरा महादेव खर्क |
| २५, असितेश्वर | शक्रवती र भानुमतीको संगम | असिततीर्थ | | महादेव व्यांसी |
| २६, भैरवेश्वर | शिप्रा, सैत्या र त्रिशूल गंगाको संगम | भैरवतीर्थ | | देवीघाट, नुवाकोट |
| २७, ब्रह्मेश्वर | ब्रह्मघृता र ब्रह्मवतीको संगम | ब्रह्मतीर्थ | उत्तर | –कविलास |
| २८, कार्तिकेयेश्वर | चन्द्रदीप्ति र सिद्धश्रवाको संगम | स्कन्दतीर्थ | | कविलास, एनागु |
| २९, शतरुद्रेश्वर | ज्येष्ठिला र विश्वगंगाको संगम वाग्द्वारतीर्थ | नारसिंहतीर्थ ब्रह्मतीर्थ | | शिवपुरी |
| ३०, काकेश्वर | | आकाशगंगातीर्थ | | गागल, कागेश्वरी |
| ३१. मणिचूडेश्वर | | मणिचूडकुण्डतीर्थ | | मणिचूड |
| ३२. योगेश्वर | | योगगंगातीर्थ | | ईशान–साँखु |
| ३३. नारायणेश्वर | नारायण नदी | कर्णतिर्थ | | साँखुफेदी |
| ३४. ज्योतिर्लिङ्गेश्वर | रत्नमती र नारायणीको संगम | योगतीर्थ | | साँखु |
| ३५. रत्नचूडेश्वर | | रत्नह्रदतीर्थ | | महादेवपोखरी |
| ३६. बागीश्वरी | | वीरनदीतीर्थ | पूर्व– | वागीश्वरी |
| ३७. कीलेश्वर | | शंखकुण्डतीर्थ | | चाँगु |
| ३८. वाल्मीकेश्वर | भद्रानदी र वीरानदीको संगम | वीरभद्रतीर्थ | | भक्तपुर |
| ३९. मंगलेश्वर | | भद्रतीर्थ | | भक्तपुर |
| ४०. विमलेश्वर | | विमलोदक गंगातीर्थ | | सिपाडोल |
| ४१. अनन्तेश्वर | | ऋषितीर्थ | | अनन्तलिङगाउँ |
| ४२. विश्वरूपेश्वर | वृद्धगङ्गातीर्थ, | पद्मनदीतीर्थ | | कटुंजे |
| ४३. सोमेश्वर | पद्मनदी र कोषगंगाको संगम | सोमतीर्थ | | चोरपुर, सुलुंकोट |
| ४४. गोभ्राटेश्वर | गोशृङ्गी र चक्रवतीको संगम | गोशृङ्गतीर्थ | | लुँभु |
| ४५. भृङ्गेश्वर | | सिद्धरसतीर्थ | | सुनागुठी |
| ४६, त्रिलिंगेश्वर | | मुनिकुंडतीर्थ | दक्षिण | पाटन |
| ४७, कुपितेश्वर | | उदयकुन्दतीर्थ | | पाटन |
| ४८, सर्वेश्वर | | गौरीकुंडतीर्थ, नारदतीर्थ | | पाटन, कुंभेश्वर |
| ४९, गोलोकेश्वर | रुद्रतीर्थ, तक्षकह्लद, कर्कोटकह्लद औषधि नदी, सुवर्णनदी, मातृतीर्थ, मीरतीर्थ | | | बलंबु, कीर्तिपुर |
| ५०, चन्द्रनभराटेश्वर | भस्मगंगा र नवधाराको संगम, स्वर्णधारा, स्वर्णधारा, नन्दिनी, शक्रदीप्ति र भस्मगंगाको संगम | लिंगतीर्थ, चन्द्रदीप्ति कनखतीर्थ, इन्द्रह्लद, नन्दिनी नदी | | मातातीर्थ |
| ५१, यक्षेश्वर | यक्षतीर्थ, नन्दितीर्थ | उशीरतीर्थ | | पश्चिम–आदेश्वर |
| ५२, चण्डिकेश्वर | | पिण्डारकतीर्थ | | उत्तर–टोखा |
| ५३, धर्मेश्वर | ज्येष्ठिला र धर्मगंगाको संगम | धर्मतीर्थ | | टोखावन |
| ५४, गोकर्णेश्वर | वाग्मती र चन्द्रभागाको संगम | पितामहतीर्थ | | ईशान–गोकर्ण |
| ५५, कोटीश्वर | वाग्मती, मनमती र रुद्रधाराको संगम | शंखमूलतीर्थ | | दक्षिण–कोटेश्वर |
| ५६, बाणेश्वर | | बाणगंगातीर्थ | | बानेश्वरटार |
| ५७, ज्ञानेश्वर | | मयूरतीर्थ | | पश्चिम–ज्ञानेश्वर |

| | | | |
|---|---|---|---|
| ५८, पर्वतेश्वर | | ज्ञानकूपतीर्थ | ईशान –बौद्धटार |
| ५९, जलेश्वर | वाग्मती | जलेश्वरतीर्थ | गौरीघाटमनि |
| ६०, गुह्येश्वर | गुह्येश्वरतीर्थ, पशुकुण्ड, ब्रह्मोदरतीर्थ, सुन्दर-तीर्थ, स्कन्दकुण्ड, सुरोदभंगतीर्थ, भृगुकन्दर, ब्रह्मभेदतीर्थ, अगस्त्यकुण्ड, ब्रह्मरूपतीर्थ, पशुयोनितीर्थ, गोखुरतीर्थ, भोगकुण्ड, यज्ञकुण्ड, स्वर्णधारानदी, कोशोदकतीर्थ, | | गुह्येश्वरी |
| ६१, किरातेश्वर | | रुद्रसहस्रतीर्थ, क्षत्रियतीर्थ | गौरीघाट |
| ६२, भस्मेश्वर | | भस्मगंगाकुण्डतीर्थ, | दक्षिण –देवपाटन |
| ६३, भुवनेश्वर | | ज्ञानकूपतीर्थ | नैऋत्य –देवपाटन |
| ६४, रुद्रागारेश्वर | | रुद्रस्नानोदकतीर्थ | उत्तर –देवपाटन |

यी चतुःषष्ठिलिंगभित्र योगीश्वरका ठाउंमा ऋषीश्वर कुंभेश्वरलाई पनि कोही गणना गर्दछन्। यी चतुःषष्ठिलिंगभित्र आवरण गराई पशुपतिनाथ विराजमान हुनुहुन्छ। यीबाहेक अरू ग्रहेश्वरलिंग, सप्तर्षिलिंग आदि गरी २३२ उपलिंग पनि छन्।

## वागमतीको उत्पत्ति र तीर्थहरू

दुष्ट हिरण्यकशिपु दैत्यलाई भगवान् नृसिंहबाट मारी प्रह्लादको उद्धार गरी लडाईंको परिश्रम हटाउनाका निमित्त हिमालय पर्वतका नगीचको शिखरमा सिंहस्वरूपले रहनुभएको थियो । नृसिंहलाई खोज्दै खोज्दै प्रह्लाद पनि त्यही पर्वतमा जब पुगेथे, दर्शन नदिई नृसिंह भगवान् त्यसै अन्तर्ध्यान हुनुभयो। नृसिंहको वियोगले दुःखी भएका प्रह्लादले त्यही स्थानमा बसी फेरि पनि परमेश्वरका अभिलाषाले हजार वर्षसम्म उग्र तपस्या गर्दा भए। महादेव खुशी भई ठूलो स्वरले हांस्दा पर्वतको गुफाबाट निर्मल जल भएकी नदी बहंदी भइन्। त्यसपछि "हे प्रह्लाद, यी नदी मेरा वचनबाट निस्केकी हुनाले यिनको नाम वाग्मती भनी प्रसिद्ध हुनेछ। यस पर्वतमा विष्णुले मृगेन्द्र (सिंहस्वरूप लिई वास गर्नुभएको हुनाले यस पर्वतको नाम मृगेन्द्रशिखर भनी प्रसिद्ध हुनेछ। यो वैष्णवक्षेत्र हुनेछ। यही शिखरका माथि शिवलिंगमय मेरो स्थान छ, जसलाई शिवपुरी भन्दछन्। हे दैत्यराज, तिम्रो भक्ति दृढ होस्रोस्। दैत्यका राजा भई बाबु बराजुदेखिको राज्य पालना गर। जाऊ, यहां वाग्मतीमा स्नान गरी शिवपुरीको दर्शन गर, जन्मजन्मान्तरको पाप छुट्दछ। यस्तो आज्ञा गरी महादेव अन्तर्ध्यान हुनुभयो। प्रह्लाद पनि आफ्ना स्थानमा गए भन्ने वाग्मतीको उत्पत्ति नेपालमहात्म्यको ७ अध्यायमा छ। हिमवत्खण्ड ... अध्यायमा ब्रह्माले महादेवलाई प्रसन्न गराउन धेरै काल-सम्म तपस्या गर्दा महादेव प्रसन्न भई हास्य गर्दा वाग्मतीको उत्पत्ति भयो भनी लेखिएको छ। वाग्मतीमा ठाउंठाउंमा पुण्यतीर्थ-हरू धेरै छन् तिनमा विशेष पर्वमा स्नान गर्नाले विशेष फल लेखिएको छ। तीर्थ र पर्वदिन तल लेखिएका छन्।

**वागमती तीर्थयात्राकोः–**

| | | |
|---|---|---|
| १, सेतुभिन्नतीर्थ | चैत्र शुदि | ८ |
| २, गोपालतीर्थ | चैत्रशुदि | १२ |
| ३, दामोदरतीर्थ | चैत्र शुदि | ११ |
| ४, सर्वौषधितीर्थ | वैशाख वदि | ४ |
| ५, गणेशतीर्थ | | |
| ६, भृगुपतनतीर्थ | वैशाख शुदि | ४ |
| ७, प्रमोदतीर्थ | वैशाख शुदि | १२ |
| ८, कायनिर्मलतीर्थ | चैत्र शुदि | ३ |
| ९, इन्द्रतीर्थ | भाद्र शुदि | ६ |

| | | |
|---|---|---|
| ३७, गौरीतीर्थ | ज्येष्ठ शुदि | ३ |
| ३८, मृगोदकतीर्थ | कार्तिक वदि | ८ |
| ३९, खर्बरीतीर्थ | कार्तिक शुदि | ९ |
| ४०, आर्यातीर्थ | कार्तिक शुदि | १५ |
| १०, पंचनदीतीर्थ | आश्विन शुदि | ५ |
| ११, कालमोचनतीर्थ | कार्तिक शुदि | २ |
| १३, सहोदरवधपातकमोचनतीर्थ | पौष शुदि | १४ |
| १४, शंखमूलतीर्थ | माघसंक्रान्ति | |
| १५, रुद्रधारातीर्थ | कार्तिक शुदि | ८ |
| १६, अमरावतीतीर्थ | भाद्र शुदि | १४ |
| १७, निर्मलावतीतीर्थ | | ६ |
| १८, विमलावतीतीर्थ | कार्तिक शुदि | ७ |
| १९, वायुवतीतीर्थ | फाल्गुन शुदि | १५ |
| २०, योगकुण्डतीर्थ | कार्तिक शुदि | ८,९ |
| २१, मणितीर्थ | चैत्र शुदि | ३ |
| २२, प्रयागतीर्थ | माघसंक्रान्ति | |
| २४, त्रिविक्रमतीर्थ | माघ | ११ |
| २५, स्वर्णतीर्थ | माघ | १ |
| २६, ब्रह्मतीर्थ | माघ | १ |
| २७, क्षत्रियतीर्थ | माघ | २ |
| २८, राजराजेश्वरीतीर्थ | आश्विन | ९ |
| २९, उमापतितीर्थ | सोमवती | ३० |
| ३०, विष्णुतीर्थ | वैशाख | १२ |
| ३१, जयमङ्गलातीर्थ | चैत्र वदि | १४ |
| ३२, आकाशभैरवतीर्थ | चैत्र वदि | ८ |
| ३३, वत्सलातीर्थ | ज्येष्ठ शुदि | १० |
| ३४, कोषोदतीर्थ | ज्येष्ठ शुदि | ५ |
| ३५, सौभाग्यदायकतीर्थ | चैत्र वदि | १३ |
| ३६, कुवेरतीर्थ | चैत्र | १४ |
| ४१, नारायणतीर्थ | कार्तिक शुदि | १२ |
| ४२, पावनिकातीर्थ | कार्तिक | २ |
| ४३, अगस्त्यतीर्थ | भाद्रसंक्रान्ति | |
| ४४, नीलकण्ठतीर्थ | श्रावण शुदि | १५ |
| ४५, वासुकितीर्थ | श्रावण शुदि | ५ |
| ४६, गोखुरतीर्थ | श्रावण शुदि | १५ |
| ४७, भृगुपतनतीर्थ | पंचवर्ष | |
| ४८, देवघट्टतीर्थ | मकरसंक्रान्ति | |
| ४९, ब्रह्मसहस्रतीर्थ | आषाढ शुदि | १ |
| ५०, विष्णुसहस्रतीर्थ | आषाढ शुदि | १२ |
| ५१, रुद्रसहस्रतीर्थ | आषाढ शुदि | १४ |
| ५२, सूर्यभागातीर्थ | संक्रान्ति (सबै) | |

| | | |
|---|---|---|
| ५३, चन्द्रभागातीर्थ | पूर्णिमा (सबै) | |
| ५४, मनःकामनातीर्थ | आषाढ शुदि | १० |
| ५५, जिह्वालोलतीर्थ | आषाढ शुदि | ६ |
| ५६, अनन्ततीर्थ | चैत्र वदि | ५ |
| ५७, बालस्मशानतीर्थ | चैत्र | १ |
| ५८, भैरवाख्यतीर्थ | वैशाख वदि | १४ |
| ५९, जलेश्वरतीर्थ | वैशाख | ८ |
| ६०, गुह्येश्वरतीर्थ | आश्विन शुदि | ९ |
| ६१, विनायकतीर्थ | वैशाख | ४ |
| ६२, पशुगणतीर्थ | आश्विन | ७ |
| ६३, श्लेष्मान्तकतीर्थ | आश्विन शुदि | ८ |
| ६४, ताम्रचूडतीर्थ | वैशाख वदि | ६ |
| ६५, उत्तरवाहिनीतीर्थ | वैशाख वदि | |
| ६६, चैलगंगातीर्थ | वैशाख वदि | |
| ६७, हत्यामोचनतीर्थ | ज्येष्ठ शुदि १० | (हस्त-सोम) |
| ६८, कैलाशतीर्थ | ज्येष्ठ शुदि | १४,१२ |
| ६९, हिमवत्तीर्थ | ज्येष्ठ शुदि | १४ |
| ७०, विष्णुपादुकातीर्थ | चैत्र वदि | १२ (बुधयुक्त) |
| ७२, चन्द्रतीर्थ | आषाढ शुदि | १५ |
| ७३, सूर्यतीर्थ | आषाढसंक्रान्ति | |
| ८३, गोकर्णेश्वरतीर्थ | भाद्र वदि | १४, १० |
| ७४, उत्तरगयातीर्थ | पौष वदि | ३० |
| ७५, गदाधरतीर्थ | भाद्र वदि | १४, ३० |
| ७६, चन्द्रभागातीर्थ | सोमसंक्रान्ति | |
| ७७, नारदतीर्थ | श्रावण | ७ |
| ७८, सप्तर्षितीर्थ | श्रावणसंक्रान्ति | (रवियुक्त) |
| ७९, कपोतगिरितीर्थ | भाद्र शुदि | ३ |
| ८०, कान्तिभैरवतीर्थ | आश्विन शुदि | ९ |
| ८१, वाग्मतीपतनतीर्थ | कार्तिक | ९ |
| ८२, सुन्दरीतीर्थ | मार्ग वदि | १४ |
| ८३, विमलाम्बुतीर्थ | पौष | ९ |
| ८४, अप्सरस्तीर्थ | पूर्णिमा | |
| ८५, ब्रह्मरस्वतीतीर्थ | चैत्र पंचपर्व | |
| ८६, वाग्द्वारतीर्थ | वैशाखसंक्रान्ति | |
| ८७, ब्रह्मतीर्थ | माघ | २ |

वाग्मतीको महात्म्य ठूलो छ। सत्ययुगको अन्त्य र त्रेतायुगको आदिमा शिवजीको मुखद्वारदेखि प्रवाह भएकी द्रवरूप शिवगंगा, ब्रह्मसरस्वती वाग्मती हुन्। वाग्मतीमा हरिवासरीको दिनमा भक्तिपूर्वक एक पटक स्नान गर्नाले पनि देव, असुर, मनुष्य आदि सबैले सेवा गरी वाराणसी क्षेत्रमा मरण पाइने मुक्तिफल पाइन्छ। यिनै वाग्मतीमा पशुपतिको निर्माल्य जल मिल्ने ठाउँमा ब्रह्मोदयतीर्थ छ। त्यहीं आर्यादेवीले तर्पण गरेकी हुनाले आर्याघाट भन्दछन्। जलेश्वर शिवलिंग पनि त्यहीं छन्। वाग्मतीको मनमतीसंग सगम भएका ठाउँमा पातालगंगा भोगवती प्रकट छन्। त्यहाँ रुद्रधारातीर्थ भन्दछन्। त्यस तीर्थलाई

शंखमूलतीर्थ वा त्रिवेणितीर्थ पनि भन्दछन्। वाग्मती र विष्णुमतीको संगममा पंचनदतीर्थ भन्दछन्। वाग्मती र प्रभावतीको संगममा प्रमोदतीर्थ भन्दछन् । इत्यादि वाग्मतीका परम उत्तम तीर्थ छन् ।

## तन्त्रअनुसार गुह्येश्वरीका आवरण भई रहेका पीठहरू

**प्रथम आवरणकाः—**

| | | | | |
|---|---|---|---|---|
| १, गन्धर्वद्वीप | विदालक्षेत्र | नदीदेवी | ब्रह्माणीपीठ | सम्यक्चूलीमा |
| २, गोमेदद्वीप | धनदक्षेत्र | रक्तादेवी | माहेश्वरीपीठ | बेथनचूली |
| ३, सरद्वीप | पुष्पदन्तक्षेत्र | सुमनादेवी | कौमारीपीठ | फूलचोचूली |
| ४, सूर्यद्वीप | महानन्दक्षेत्र | मनोन्मनीदेवी | वैष्णवीपीठ | मैनकोटिचूली |
| ५, नयनद्वीप | गोपालक्षेत्र | कुलाकृतिदेवी | वाराहीपीठ | नटारम्भचूली |
| ६, वसन्तद्वीप | शोभनक्षेत्र | तारावतीदेवी | इन्द्रणीपीठ | लिगुचोचूली |
| ७, स्वर्णद्वीप | चंडिकाक्षेत्र | शुभकीर्णदेवी | चामुण्डापीठ | गंदचोचूलि |
| ८, नरान्तद्वीप | रतिप्रियक्षेत्र | शवरीदेवी | महालक्ष्मीपीठ | शिवपुरीचूलि |

**द्वितीय आवरणकाः—**

| | | | | |
|---|---|---|---|---|
| १, रत्नद्वीप | महाकायक्षेत्र | धर्मादेवी | ब्रह्माणीपीठ | पनौती |
| २, पुष्करद्वीप | श्रुतिभरक्षेत्र | दन्तुरादेवी | माहेश्वरीपीठ | टीकाभैरव |
| ३, एकपादद्वीप | विक्रमक्षेत्र | वामादेवी | कौमारीपीठ | झगुंलिचो |
| ४, स्वर्णद्वीप | चन्द्रनाथक्षेत्र | शुभकीर्णादेवी | वैष्णवीपीठ | गोखुर |
| ५, पुष्करद्वीप | श्रुतिधरक्षेत्र | दन्तुरादेवी | वाराहींपीठ | लमजुंङ |
| ६, नयनद्वीप | गोपालक्षेत्र | कामुकादेवी | इन्द्रणीपीठ | नृलिङ |
| ७, स्वर्णद्वीप | चन्द्रनाथक्षेत्र | शुभकीर्तिदेवी | चामुण्डापीठ | गोकर्ण |
| ८, गोवर्धनद्वीप | चित्रार्धक्षेत्र | नटीदेवी | महालक्ष्मीपीठ | सारङ, सांखु |

**तृतीय आवरणकाः—**

| | | | |
|---|---|---|---|
| १, प्रयागक्षेत्र | असितागंभैरव | ब्रह्माणीपीठ | वोतावु |
| २, वाराणसीक्षेत्र | रुरुभैरव | माहेश्वरीपीठ | गिमतो |
| ३, कोलापुरक्षेत्र | चण्डभैरव | कौमारीपीठ | सुनागुठी |
| ४, अट्टहासक्षेत्र | क्रोधभैरव | वैष्णवीपीठ | बलखु |
| ५, जयन्तीक्षेत्र | उन्मत्तभैरव | वाराहीपीठ | हास्याङ |
| ६, चरित्रक्षेत्र | कपालभैरव | इन्द्राणीपीठ | त्वथुल |
| ७, एकाम्बाक्षेत्र | भीषणभैरव | चामुण्डापीठ | चैलगंगासन्धि |
| ८, देवीकोटक्षेत्र | संहारभैरव | महालक्ष्मीपीठ | कान्ति |

**चतुर्थ आवरणकाः—**

| | | |
|---|---|---|
| १, जलेश्वरीदेवी | जालन्धरपीठ | सारन्धु |
| २, पूर्णेश्वरीदेवी | पूर्णगिरिपीठ | लुंगुंलि |
| ३, कामेश्वरीदेवी | कामरूपपीठ | गोखुर |

यसभित्रको उद्यानपीठमा श्री गुह्येश्वरीदेवी र ज्योति-स्वरूप श्री पशुपति विराजमान हुनुहुन्छ । गुह्येश्वरी विराजमान भएका ठाउंमा आफ्ना गणले सहित भई अष्टमातृकाहरू पनि विराजमान छन् ।

तीन युगसम्म देवताहरू वारंवार तिथियोग संयुक्त भएमा वाग्मती आदि तीर्थहरूमा स्नान गरी श्री पशुपतिनाथ श्री गुह्येश्वरी प्रभृति देवदेवीहरूको दर्शन गर्न आउँदै जांदै गर्दथे ।

यस नेपालपुरीमा पवित्र नदीहरू धेरै छन् । तन्त्रमा प्रसिद्ध गंगा वाग्मती, रुद्रधारा, मनमती, फल्गु, विष्णुमती चतुर्गुण अधिक पुण्यस्थल हुनाले देवता पनि ४ प्रकारले रहेका छन्, तिनको नाम क्रमैसित कहिन्छ ।

गणेश ४– चन्द्रविनायक (चोभार), सूर्यविनायक (भक्तपुर), रक्तविनायक (देवपाटन), श्वेतविनायक (चाबहिल) ।

काली ४– गुह्यकाली, वत्सला, दक्षिणकाली, महाकाली (कालिन्चोक) ।

कौमारी ४– बालकौमारी (कुमारीडोल), बाल कौमारी (ठिमी), पंचबालकौमारी (मयतीदेवी), बालकौमारी (पाटन क्वाछेमा स्थापना गरेकी) ।

गंगा ४– वाग्मती, मनमती, विष्णुमती, रुद्रमती ।

नदी ४– प्रभावती, हनुमती, दानामती, इक्षुमती ।

वाराहीं ४– श्वेतवाराही (उत्तर), नीलवाराही (पूर्व), बज्रवाराही दक्षिण), धूम्रवाराही (पश्चिम)

योगिनी ४– बज्रयोगिनी, ह्यङ्ग्योगिनी, नीलतारा योगिनी (फूलचोकी देवी), विजयेश्वरी। यिनमा ब्रह्मकुमारी नाम गरेकी विद्याधरी सिद्ध भई मिल्न गएकी छन् ।

नारायण ४– गरुडनारायण–छिन्नमस्ताशक्तिसहित (दोलागिरी), चयजुनारायण–चंडेश्वरी सहित, नृसिंहनारायण–शिखरिणीलक्ष्मी-सहित, इचंगुनारायण–माहेश्वरी वैष्णवी शक्तिसहित ।

महालक्ष्मी ४– महालक्ष्मी (बोडे), महालक्ष्मी (लुभु), महालक्ष्मी (लगनखेल), महालक्ष्मी (खोकना) ।

वैष्णवी ४– वैष्णवी (जंप्या), वैष्णवी (नदल), वैष्णवी (बलखु), वैष्णवी (भाजंगाल) ।

फेरि द्वापरयुगमा मानस सरोवरदेखि शिलानदी तरी आएकी जयवागीश्वरी कहलाई देवपाटनमा विराजमान भएकी छन्। यिनलाई प्रमथगणहरू आई नियमसंग साधन गरी तीर्थको जल आवाहन गरी शुद्धतीर्थ बनाई पशुपतिपुरीको पश्चिम भागमा बसी रक्षाकारी भएकी छन् । राजराजेश्वरी पनि कामरू पीठदेखि आई श्री पशुपतिको दक्षिण भागमा छन् ।

गुह्येश्वरी, वत्सलेश्वरी, बज्रेश्वरी, झंकेश्वरी, भुवनेश्वरी, मंगलेश्वरी, राजराजेश्वरी, जयवागीश्वरी, कोटेश्वरी यी ९ ईश्वरी मूल मूर्ति भै रक्षाकारिणी भई विराजमान भएका छन् ।

श्री पशुपतीश्वरको दक्षिणद्वारामा विराजमान भएका गणेश, क्षेत्रपाल, अष्टचिरञ्जीवीहरू वत्सलादेवी, राजराजेश्वरी, पूर्वजन्मको स्वरूपको दर्शनहुने कुराड, चन्द्रपितामह-भैरव, विरूपाक्ष, अनन्तनाग, यी देवताहरू आफ्ना आफ्ना गणले युक्त भई रहेकाछन्, पश्चिमद्वारमा-लम्बोदर, दण्डपाणि, वरुण, वागीश्वरीदेवी, नायरायणी आफ्ना गणले युक्त भई विराजमान छन् । उत्तरद्वारमा एकदन्त गणेश, नन्दिकेश्वर, पौलस्त्य, कुवेर, गुह्यक, गणले युक्त विजयादेवी योगिनी, गणसहित सिद्धहरू रहेका छन्। यस्ता प्रकारसंग देवदेवीहरू प्रमथगणले सहित विराजमान छन् ।

## धर्मदत्त राजाको उपाख्यान

"श्री पशुपतिं गुह्येश्वरी आदि देवदेवी र वाग्मती आदि नदी भएकोहुनाले पाशुपतक्षेत्रबराबर भुक्तिमुक्ति दिने क्षेत्र अरू छैन" इत्यादि पाशुपतक्षेत्रको महात्म्य सुनी कांचीका राजाले आफ्ना पुत्र वीरकेतु, अश्वकेतु, मानकेतु, र रक्तकेतुलाई राज्याभिषेक दिई बुद्धिसेन मन्त्रीका वचन सुनी पाशुपतक्षेत्रमा आई नेमुनिको आश्रम भएको मणिचूड पर्वतमा तपस्या गरी बज्रयोगिनी प्रसन्न गराई वैशालाधिप भन्ने वर पाई विशाल-नगर जिती बस्दा भए । शिवरात्रीको रात्रीमा श्लेष्मान्तक

वनमा नानाप्रकारका बाजाको शब्द सुनी मन्त्रीले सहित भएका राजा खड्गचर्म धारण गरी निस्कंदा श्लेष्मान्तक वनको नगीचमा घोर दिक्पाल भैरवको मूर्ति देख्दा कंपमान भई फर्की मार्कण्डेय मुनिसंग विस्तार विन्ति गर्दा "राजन्, यो शब्द ता सुवर्णपुरीमा पशुपतिनाथलाई देवताहरूले पूजा गरेको शब्द हो" भनी मुनीश्वर मार्कण्डेयले भन्दा राजाले दर्शन गर्नालाई बहुतै इच्छा गरी त्यहीं जांदा देवलोकले भित्र छिर्न नदिंदा श्री धर्मेश्वरको छ महीना तपस्या गर्दा ईश्वर प्रसन्न भई "हेराजन्, पशुपतिनाथको दर्शन गर्न इच्छा भए गुह्येश्वरीमा गई तपस्या गर. तब तिम्रो मनोरथ पूर्ण होला। आजदेखि तिम्रो नाम धर्मदत्त भयो" भन्ने वर पाई महाकष्टले गुह्येश्वरीमा गई द्वारदेवतालाई प्रसन्न गराई भित्र गई कार्तिक प्रतिपदाका दिनमा आफ्नो रगतले तर्पण गरी तपस्या गर्दा ईश्वरी प्रसन्न भई उहाँबाट खड्ग वरदान पाई ईश्वरी दाहिने हुँदा खड्ग हातमा लिई मन्त्री पुत्र आदि सहित भई कल्लोल युद्ध गरी जिती पशुपतिनाथको दर्शन गरी १००० वर्षसंम विशालनगर आदिमा राज्येभोग गरे। देवताहरूको राज्य भग्न हुँदा नारदको वाक्य सुनी काशी विश्वेश्वरमा गई तप गर्दा विश्वेश्वर प्रसन्न भई विश्वेश्वरीसहित भई पशुपतिपुरीमा आई विश्वेश्वरले श्री पशुपतिनाथको दर्शन गरी बत्तीमा बत्ती मिलाए झैं एक भए। देवताहरू पनि अघि झैं सिद्धाचल पर्वतमा बस्दा भए।

त्यसपछि नारदमुति धर्मदत्त राजाकहाँ गई "हे राजन्, श्री पशुपतिनाथको इन्द्रादि देवताहरूले फेरि परिक्रमा गरिरहेछन्।" भन्दा धर्मदत्त राजा रिसाई देवताहरूलाई देखापर्न नदिई रहे।

एक दिन इन्द्रले धर्मदत्त राजाका प्रजाहरूलाइ दु:ख दिन जाऊ" भनी शनैश्चरादि उग्र ग्रहहरूलाई खटाई पठाए। इन्द्रको हुकुमअनुसार सत्य बात नगरी सत्यवती पुरीको ढोकाभित्र पस्न लाग्दा "हे दुष्टग्रह हो ? तिमीहरू सत्यवती पुरीभित्र किन पस्दछौ ? यसमा पापी कोही छैनन्, त्यस कारणले तिमीहरूलाई भित्र जान दिंदैनौं" भनी धर्मले रोक्दा ग्रहहरूले बल गर्न सकेनन् र फर्की देवराज इन्द्रसंग सबै वृत्तान्त बताए। इन्द्र रिसाई "धर्मदत्त राजाको धर्म नष्ट नगरी सुख पाइनें छैन" भनी मधुश्रवा नामका ब्राह्मणको वेश लिई सत्यवती पुरीको ढोकाभित्र पसे। राजगृहमा गई एक जातको अमूल्य रत्नको माला रानीका अगाडि नजर गराए। त्यस मालामा रानीको चित्त गढ्यो।" यो रत्नको माला मलाई दिनुहोस्" भनी बहुत इच्छा गर्दा राजाले हुन्छ भनी रत्नको मोल सोधे।" हे राजन्, यसको मोल हजुरसंग विन्ति गर्न हुँदैन, लिनेसंग एकान्त गर्न पाए मोल बताउछु।" भनी ब्राह्मणले भन्दा राजाले "लौ त रानीका खोपीमा जाऊ भनी रानीका खोपीभित्र पठाए। त्यसपछि रानीले मोल सोधिन्।" हेरानी, यो रत्नमालाको मोल तपाईंसंगको एकपल्ट संभोग हो" भनी ब्राह्मणले भन्दा रानीको रत्नका मालामा ज्यादै चित्त गढेको हुनाले कसो गरौं धनी मन द्विविधामा पारिरहिन्। "हे रानी, सन्देह किन गर्नुहुन्छ, रत्नमाला लिनुहोस्।" भनी संगिनीले भन्दा रानीले रत्नमालाका लोभले मंजूर गरी इन्द्रसंग रमण गरिन्। त्यसपछि ब्राह्मणरूप इन्द्रले रत्नमाला दिई चांडै पशुपतिको निकटबाट देवलोकमा गए। धर्मदत्त राजासंग ७ दिनसंम युद्ध भयो। धर्मच्युत भएका हुनाले धर्मदत्त राजाका पुत्रहरूलाई गणेश रिसाई मारिदिए। धर्मदत्त झन् रिसाई युद्ध गर्दा योगिनी प्रत्यक्ष भई" हे पुत्र, धर्मदत्त राजासंग नलड. उनलाई ईश्वरीबाट सहस्र वर्षसंम राज्य वरप्रसाद भएको छ। उनी शिवभक्त हुन्, उनलाई क्षमा गर।" भनी बुझाई गणेशहरूलाई लगिन्।

त्यसपछि धर्मदत्त राजाले देवताहरूले दु:ख दिएको सहन नसकी पशुपतिका शरणमा जांदा पशुपतिनाथबाट काली प्रत्यक्ष भई धर्मदत्तसंग युद्ध गर्न लागिन्। "कैलाशबाट दश हजार सूर्य जस्तो तेजिलो विमान ल्याई कैलाशमा लैजानू"। यस्तो शिवजीको हुकुम हुंदा प्रमथगण आई धर्मदत्त राजालाई "हे राजन्, धन्य धन्य हजूरको भाग्य, कोटिजन्मका पुण्यका बलले कैलाश धाम पाइन्छ। त्यसकारण, यो युद्ध छाडी विमानमा चढ्नुहोस्।" भनी प्रमथगणहरूले विन्ति गरे। "हे दूत हो, सुन– यस संसारमा पशुपतिनाथका स्थान छाडी कैलाशमा को जाला ? अमृतभन्दा मीठो वाग्मतीको जल पिई श्री पशुपतिनाथसंग बस्न पाउंञ्जेल कैलाशमा के सुख छ ? म ता पशुपतिनाथलाई छाडी जान चाहन्न" भनी धर्मदत्त राजाले जिद्दी गर्दा दूतहरूले अनेक प्रकारसंग बुझाए। " आफ्ना शहरभरका प्रजाहरूसमेत लान पाए मात्र जाउंला "भनी वीरकेतु अंडिदा दूतहरूले मंजूर गरे। त्यसपछि धर्मदत्त र उनका पुत्र वीरकेतु, अश्वकेतु, रत्नकेतु, रक्तकेतु आदि दश पुत्र, बुद्धिसेनप्रभृति मंत्रीहरू, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रलगायत प्रजाहरूसमेत विमानमा चढी पशुपतिनाथलाई प्रणाम गरी कैलाश जांदा भए।

त्यहां उप्रान्त देवताहरू फेरि पशुपतिपुरीमा आई अघिका क्रमले रहंदा भए। श्री विश्वेश्वर पनि पशुपतिनाथका ज्योतिर्लिंगबाट प्रकट भई स्वस्थान काशीमा जांदा भए। केही

कालपछि देवताहरू पनि आफआफ्ना स्थानमा रही विशेष तिथियोग भएका दिनमा मेला भर्न पाशुपतक्षेत्रमा आउंदै गर्दथे। यसै कारण देवताहरूको सान्निध्य भएको हुनाले पाशुपत क्षेत्र बराबरको अर्को कुन क्षेत्र छैन। अतएव ज्योतिर्लिंगबराबरको लिंग, वाग्मती बराबरकी नदी, गुह्येश्वरी बराबरको पीठ ब्रह्माण्डभरि कहीं छैन भन्ने कुरा शास्त्रमा लेखिएको छ।

**ज्योतीरूपसमं लिंगं वाग्मत्याश्च समा नदी।**
**गुह्येश्वरीसमं पीठं नास्ति ब्रह्माण्डमण्डले।**

नेपाल मध्यमा मृगेन्द्रशिखरमा कूटेश्वरदेखि दक्षिण तिलेश्वरसम्म, विकटेश्वरदेखि पश्चिम चन्दनभराटेश्वरसंम, ईशानको योगधारा नदीदेखि विष्णुमती तीर्थसम्म, आग्यनेको गोदावरी तीर्थबाट हरितीर्थसंम, यसभित्रको योजनप्रमाण क्षेत्रलाई पाशुपतक्षेत्र भन्दछन्। त्यो सबभन्दा उत्तम छ। भुक्ति, मुक्ति आदि जुन फलको इच्छा गरे पनि दिन्छ।

**मृगेन्द्रशिखरे शम्भोः कूटेश्वराच्च याम्यतः।**
**आतिलेश्वरपर्यन्तं ज्ञेया सा कामदा क्षितिः।**
**विकटेशान्महालिंगात्पूर्वदेशाद्धि वारुणम्।**
**आचन्दनभराटान्तं ज्ञेयं क्षेत्रोत्तमोत्तमम्।**
**योगधारा नदी श्रेष्ठा तस्याश्चैशानतः पुनः।**
**आविष्णुतीर्थपर्यन्तं तत्क्षेत्रं मोक्षदायकम्।**
**गोदावरीमहातीर्थादाग्नेयाद्धि घटोद्भव।**
**आहरितीर्थपर्यन्तं प्रशस्तं सर्वतोदिशम्।**
**तेषां मध्ये च नेपाले क्षेत्रं पाशुपतं परम्।**
**भुक्तिर्मुक्तिः सुखं भूतिः प्राप्यते तत्र जीविभिः।**
**योजनाभ्यन्तरं क्षेत्रं प्रशस्तं सर्वतोदिशम्।**

## सूर्यविनायकको उत्पत्ति

विमलेश्वरका पश्चिम भागमा प्रकाण्ड नाम गरेको वनमा गुणनिधि नाम गरेका मुनि थिए। उनकी स्त्रीको नाम लीलावती थियो। यिनका पुत्र प्राणनाथ नामक बालक एक दिन खेल्न जांदा पृथ्वीमा लोटेर मरे। तिनका बाबुले शोक गर्दै "अद्यापि यस वनमा बाबु बांची छोरो मर्ने रीत थिएन। अनाथको नाथ श्री पशुपतिनाथ हुनुहुन्छ, उहांसगै फिराद गर्नुपर्‍यो" भनी मृतबालक बोकी हिंडे। अरू मुनिहरू पनि उनका पछि लागे। पशुपतिनाथका दक्षिणद्वारमा मृततबालक राखी आगो बाली "बालक नबाचे हामी पनि यही अग्निमा प्रवेश गरौं" भनी धर्ना दिए। सात दिन बितेपछि श्री पशुपतिनाथबाट विचार दृष्टिले नजर हुंदा "गंगाको महात्म्य गएपछि पनि ३२००० वर्षसम्म वाग्मतीको र नेपालको महात्म्य रहनेछ। गंगाभन्दा पनि चतुर्गुणले उत्तम वाग्मती हुन्। काशीभन्दा पनि उत्तम क्षेत्र नेपाल हो। काशीबाट अति प्रेमले म नेपाल आउंदा मेरा पुत्र गणेशलाई साथ ल्याउन बिर्सें। आफू प्रकट हुनालाई मुनिपुत्र मारी यस्तो विघ्न गरेको रहेछ। आफू प्रकाण्ड वनमा आई लुकेको रहेछ।" अन्तर्यामी ईश्वरबाट यस्तो विवेक गरी पशुपतिका लिंगबाट ईश्वर प्रकट भई दर्शन दिए। मुनिहरूले रोमाञ्च भई आनन्दपूर्वक दर्शन गरे। त्यसपछि मुनिको पुत्र मरेको कारण सुनाई "अब तिमीहरू उही प्रकाण्ड वनमा गई गणेशको स्तुति गर। अनि यो बालक बिउंतनेछ। मेरो पुत्र गणेश कहां होला भने प्रकाण्ड वनमा पहिले सूर्योदय हुंदा जहां किरण लाग्ला उसै ठाउंमा होला।" यस्तो आज्ञा गरी ईश्वर अन्तर्ध्यान हुनुभयो। मुनिले बालक बोकी आफ्ना आश्रममा गए। ननिदाई उपवास गरी बस्दैमा प्रातः काल भयो। सूर्योदय हुंदा पहिले किरण परेका ठाउंमा गई गणेशको स्तुति गरे। त्यसपछि पहाड फोरी गणेशजी प्रकट हुनुभयो। मुनिहरूले अञ्जलि बांधी प्रणाम गरे। "हे गुणनिधि, तिम्रो छोरालाई जियाइदिउंला, केही धन्दा नमान, अमृतलताको रस झिकी मुख, कान र नाकमा हालिदेऊ।"

**पुष्यार्कयोगमाश्रित्य गुडूचीमूलमाहरेत्।**
**मन्त्रयुक्तजलं पीत्वा मृतो जीवति देहवान्।**

यस्तो वचन सुन्दा गुणनिधिले अमृतलताको रस झिकी पियाइदिए। ती मरेका बालक उसै बखत नीदबाट बिउंझे झैं उठे। गुणनिधि प्रभृति सब मुनिहरूले अति हर्षित भई जयशब्द, स्तुति, पूजा आदि गरे। गणशजी प्रसन्न भई" "वरं ब्रूहि" भनी आज्ञा गर्नुभयो। "हे गणनाथ, हामीहरूलाई वर बक्सिन्छ भने हजूर सधैं यस ठाउंमा उनंचास गणेशसहित भई विराजमान भइबक्सियोस्।" भनी मुनिहरूले बिन्ति गरे। "पहिले सूर्यको किरण लाग्ने ठाउँमा प्रकट भएको हुनाले मेरो नाम सूर्यविनायक भनी प्रसिद्ध हुनेछ। मंगलचौथीका दिन जसले मेरो दर्शन गर्ला, उसको सबै विघ्न हरण होला।" भनी गणेशजी उसै ठाउंमा अन्तर्धान हुनुभयो। ती मुनिहरू पनि चम्पानदीमा गई स्नान संध्यादि नित्यकर्म सकी यस स्थानमा हामीहरू पनि शिवको स्थापना गरौं भनी सम्मत गरी सूर्यविनायकको ईशान भागमा जीवनाथेश्वर गणेशसमेत स्थापना गरे। फेरि सूर्य विनायकका उत्तरतिर नदीका तीरमा

मंगलगणेश स्थापना गरे। ती गणेश स्थापना गरेका स्थानलाई गणेशसङ्गम मंगलतीर्थ भनी नाम प्रसिद्ध भयो। यस तीर्थमा स्नान गरी मंगलगणेशको जसले दर्शन गर्ला, उसलाई मंगल होला।

## चांगुनारायणको उत्पत्ति

दोलागिरि नामक पर्वतमा एक चम्पकवृक्ष थियो। त्यहां गरुडध्वज नारायण गुप्त भइरहेका थिए। तिनको स्मरण मात्र गर्नाले पनि सर्पादि जन्तुको विष निर्विष हुन्छ। त्यस ठाउंमा कोही एक सुदर्शन नाम गरेका ब्राह्मण आफ्नो नियम निष्ठामा रहेका, तर क्रोधी थिए। तिनकी कामधेनुसमानकी एक कपिला गाई थिइन्। ती मुनि तिनका दूधले हव्य, कव्य, अतिथिसत्कार चलाइरहेका थिए।

एकदिन दैवसंयोगले ती गाई चर्दै जांदा त्यही चम्पकवृक्षमा पुगिन्। उसै बखत चंपकवृक्षबाट एक सुन्दर पुरुष बाहिर निस्की ती गाईको दूध पान गरी त्यसै चम्पकवृक्षमा गुप्त भए। दूधले खाली भएकी गाई घर फर्किन्। ती मुनि दुग्धले रहित गाई देख्दा रिसले कुपित भए। यस्तै क्रमले ७ दिन बितेपछि मुनि बहुतै कुपित भई "यी गाईको दूध जसले पिएको छ, त्यसको शिर यही खड्गले छेदन गर्छु" भनी एउटा खड्ग हातमा लिई गाई चर्न जांदा पछिपछि लागी लुकेर गए। जब ती गाई चम्पकवृक्षमा पुगिन्, तिनै सुन्दर पुरुष वृक्षबाट बाहिर निस्की क्षीरपान गर्न लागेकै वेलामा रिसाएका मुनिले हातमा लिएको खड्गले ती पुरुषको शिर छेदन गरे।

त्यसपछि ती शिर नभएका शंख, चक्र, गदा, पद्म हातमा लिई गरुडमा चढेका विष्णुलाई देख्दा बहुतै खेद गरी "मैले पूर्वजन्ममा के पाप गरेको रहेछु र आज मेरा हातबाट यस्तो अपराध हुन गयो। म बहुतै पापी भएं, अब देहान्त प्रायश्चित्त गर्दछु" भनी ब्राह्मण प्राणत्याग गर्न तयार भए। त्यसै वेलामा "हे ब्राह्मण, तिमी नडराऊ, तिमीले असलै काम गरेका छौ, खेद गर्नुपर्दैन।" भनी नारायणबाट हुकुम भयो। "हे नारायण, हजूरलाई बडा बडा बलिया दानवहरूले पनि लडाईंमा शरीरको एक रोमसम्म पनि खसाल्न सक्तैनन् भने उस्ता हजूरको शिर म अपराधीले खसालें, अब म जस्तो पापी अर्को को होला" भनी मुनिले शोक गरे। "हे मुनि सुन, अघि कुनै कालमा चण्डदैत्यको परम मित्र सुमति नाम गरेका ब्राह्मण शुक्राचार्य र परशुरामसंग पढी अस्त्रविद्यामा पूर्ण भएका थिए। चण्डदैत्यको मद्दती भई सुमतिसंग लडाईं गर्न आउंदा मैले चक्र छोडी उनको शिर छेदन गरें। आफ्नो प्रिय शिष्यलाई मारिदिएको हुनाले शुक्राचार्य त्यसै रणभूमिमा आए। "हे विष्णु, तिमीले मेरो प्रिय शिष्यलाई मारिदियौ, अब तिम्रो शिर पनि यसैका वंशमा जन्मेका सुदर्शन नामक ब्राह्मणले छेदन गर्नेछ।" भनी शुक्रले श्राप दिएको हुनाले आज त्यस श्रापबाट मलाई मुक्त गरायौ। यसमा शोक लिनुपर्दैन। आजदेखि तिमी पनि मेरो पुजाहारी हुनू। यस दोलागिरि पर्वतमा म धेरै कालसंम बस्नेछु। द्वादशी तिथि, पूर्णिमातिथि, बुधवारमा पनि मेरो दर्शन गर्नेलाई वैकुण्ठवास दिनेछु।" भनी नारायण अन्तर्ध्यान हुनुभयो।

दोलागिरिमा गरुडका प्रभावले सर्पादि जन्तुको विषभय रहंदैन। यिनै गरुडले वृष्टिमा दखल दिने नागहरूलाई पक्री नेपालभूमिमा शुभवृष्टि गराई देखाउंदै लैजान्छन्। यिनै गरुडको पसीना पुछेको कपडा साथमा राख्यो भने सर्पादिको भय हुंदैन भन्ने कुरा प्रसिद्ध छ।

## चण्डेश्वर र चण्डेश्वरीको प्रादुर्भाव

शस्त्रास्त्रविद्यामा पूर्ण भएका सुमति नामक ब्राह्मणलाई मारिदिएको हुनाले ब्रह्महत्या र शुक्राचार्यको श्रापसमेत परी नारायण गुप्त हुनुभयो। त्यसै बखतमा देवताहरूका मदतगार विष्णु नभएको मौका पारी सहायक नभएका देवताहरूलाई चण्ड नामक दानवले युद्ध गरी बहुतै दुःख दिंदा त्यस दैत्यको तेज सहन नसकी सबै देवताहरू स्वर्गलोक छाडी ब्रह्माका शरणमा गए र सबै हाल विन्ति गरी स्तुति गरे। ब्रह्माजीले पनि चण्डदैत्यबाट देवताहरूलाई भएको दुःखको विचार गरी त्यसलाई मार्ने उपाय तजबीज गरे। "हे देवता हो, श्लेष्मान्तक वनको पूर्वभागमा रक्तचन्दनको वन छ। त्यसमा एउटा चम्पकवृक्ष छ। त्यस वृक्षमा परमेश्वरी विराजमान हुनुहुन्छ। त्यहां गई ती देवीको पूजा गर। देवी प्रसन्न हुनुभएपछि त्यस दैत्यलाई मारिदिनुहुनेछ।" ब्रह्माले देवताहरूलाई यस्तो उपदेश दिनुभयो। ब्रह्मालाई नमस्कार गरी देवताहरू त्यहांबाट फर्के र श्लेष्मान्तक वनमा पुगी वाग्मतीमा स्नान गरी पशुपतिनाथ, गुह्येश्वरी, गोकर्णेश्वरी, बज्रयोगिनी, चम्पकनारायणहरूको दर्शन गरी ब्रह्माले उपदेश गरेको वनमा पुगे। त्यहां भगवतीको स्तुति गर्दा चम्पकवृक्षबाट भगवती प्रकट हुनुभयो। देवताहरूले भगवतीको स्तुति र पूजा गरे। त्यसैबीचमा नारदमुनि चण्डदैत्यका घरमा गई" तिमीलाई मार्नाका लागि यस्तो गुप्तमन्त्रणा भएको छ भनी ब्रह्माका सभामा भएको सबै गुप्त हाल चण्डदैत्यलाई सुनाइदिए।

चण्डदैत्यले आफ्ना मन्त्रीहरूसंग सल्लाह गरी फौजसमेत साथमा लिई त्यही रक्तचन्दनको वनमा आइपुग्यो। देवताहरूले जब कोलाहल सुनेथे यो केको शब्द हो भनी विचार गर्दा उही चण्डदैत्य र फौजसमेत लिई लड्न आएको रहेछ भन्ने निश्चय गरी सबै देवताहरू नाना तरहका पक्षीको रूप लिई दश दिशा-तिर भागे। भगवती पनि चम्पकवृक्षभित्र अन्तर्ध्यान हुनुभयो।

त्यसपछि जब चण्डदैत्य त्यहां आइपुगेथ्यो देवताहरू कुनै पनि नदेखी खाली पूजासामा मात्र देख्दा मलाई मार्नाका लागि यो पूजासामा रहेछ, देवी पनि यही चम्पकवृक्षभित्र होलिन्, यिनैसंग लड्नुपरचो भन्ने विचार गरी जब खड्गले चम्पक वृक्षमा हानेथ्यो त्यसै वेला आठ भुजा भएकी सिंहमाथि चढेकी भगवती हांस्दै प्रकट हुनुभयो। "यस्ती राम्री सुकुमार शरीर भएकीलाई मार्नु असल छैन, यिनलाई पक्र" भन्ने चण्डको आज्ञा पाएका दैत्यहरू जब पक्रन दौडेथे, भगवतीले पनि हुंकार गरी सबैलाई भस्म गिरिदिनुभयो। त्यसपछि देवीको र दानवहरूको भयानक लडाई परचो। भगवतीलाई केही गर्दा पनि जब जित्न सकेनथ्यो आफ्नो कमजोरी देखी चण्डले भन्यां "हे देवी, तिमी जगत्‌लाई सृष्टि गर्ने आद्यशक्ति हौ। देवताहरूउपरको अनुग्रहले धेरै दानवलाई मारिसकेकी पनि छौ, मलाई पनि मार्ने छौ, यो कुरा मैले पनि बुझेको छु। तथापि स्नान गरी जबसम्म म शिवलिंग स्थापना गरिसक्तिन त्यस वेलासम्म तिमी युद्ध छाड, त्यसपछि मात्र लडौंला" चण्डले जब यसो भनेथ्यो भगवतीले भन्नुभयो "हे दानवेन्द्र, तिमीले भनेको मनासिब हो। शिवलिंग स्थापना गर्ने जुन चिन्ता मनमा लिएका छौ, त्यसको केही काम छैन। तिमीलाई मैले मारेपछि तिम्रो शरीरबाट दिव्यलिंग उत्पन्न हुनेछ, नाउं पनि चण्डेश्वर रहनेछ। म पनि तिम्रै नामले चण्डेश्वरी भनी यहीं वास गर्नेछु"। यस्तो भगवतीको वाक्य सुन्दा चण्ड बहुतै हर्ष भई रूख, पत्थर उचाली लड्न लाग्यो। शस्त्रास्त्रले जब केही काम दिएनथ्यो मूठीबांधी भगवतीमाथि जाइलाग्यो। आफूमाथि आइलागेको देखी भगवतीले चण्डको हृदयमा प्रहार गरी लडाउनुभयो। त्यसपछि उसका देहबाट निस्केको तेज लिङ्गाकार भयो। त्यही लिङ्गाकार ज्योति चण्डेश्वर भनी प्रख्यात भयो। भगवती पनि भक्तहरूको हित गर्नाका निमित्त त्यहीं विराजमान हुनुभयो। देवताहरूले पनि पक्षीको रूप छाडी आएर भगवतीको स्तुति गरे। जसले रक्तचन्दनकाननका चण्डेश्वर र चण्डेश्वरीको दर्शन गर्छ त्यसको सिद्धि हातमा रहनेछ। वैशाख पौर्णमासीमा चण्डवध गरेको हुनाले यस पर्वमा जसले चण्डेश्वर र चण्डेश्वरीको यात्रा गरी दर्शन गर्छ, दान दिन्छ त्यसलाई स्वर्गप्राप्ति हुन्छ।

यी चण्डेश्वर र चण्डेश्वरी बनेपा शहरको ईशान दिशामा छन्।

## हनूमदीश्वर र वाल्मीकीश्वरको उत्पत्ति

नारदका मुखबाट रामचन्द्रको कथा सुनेपछि वाल्मीकि मुनिले रामायण बनाउने निश्चय गरी नारदमुनिसंग सोधे। "हे नारदजी, कुन स्थानमा गई काव्यरचना गर्दा वाग्विभूतिको वृद्धि र मनको स्थिरता भई रामायण आदि काव्यको उत्तम रचना होला?" "हे वाल्मीकि, नेपालमा दोलागिरि पर्वतका आग्नेय भागको वीरभद्रा नदीका संगममा अति रमणीय स्थान छ, त्यहीं गई रामायण काव्यको रचना गर" यस्तो नारदको उपदेश पाई त्यसै स्थानमा गई वाल्मीकिले रामायणको रचना गरे। अघि रामचन्द्रले सागरमा सेतुबन्धन गर्दा हनूमान्‌ले हिमालय पर्वतको ठूलो शृंग बोकी यसै वीरभद्रासंगममा बिसाई एक शिवलिंग स्थापना गरी जलपान गरेर फेरि त्यो शृङ्ग बोकी गए। त्यसकारण हनूमत्तीर्थं भनी अति पवित्र स्थान भयो। वाल्मीकिले पनि यसै तीर्थमा बसी रामायण काव्यको रचना पूर्ण गरी एक शिवलिंग स्थापना गरे। ती शिवलिङ्ग वाल्मीकीश्वर भनी प्रख्यात भए। आषाढ शुक्ल पूर्णिमाका दिन जसले श्रद्धाभक्तिसंग वाल्मीकीश्वरको पूजा गर्छ, त्यसले अक्षय स्वर्गवास पाउंछ।

## त्रिपुरसुन्दरी र तिलमाधवको उत्पति

पंचाशत्पीठमध्ये नेपालभूमिको उद्यानपीठमा भएको सतीदेवीको पृष्ठास्थिपातको स्थानमा त्रिपुरसुन्दरी नामक देवी संशुष्कोदरी नामक योगनी, भैरवेश्वर नामक शिवलिंग उत्पन्न भई भक्तहरूलाई मोक्ष दिंदा भए। यसै स्थानमा तिलमाधव प्रख्यात भए।

कुनै दिन त्यहां धर्मदत्त नामक बनियां थिए। सधैं मालसामान बोकी गाउंगाउं डुली बिक्री गर्दथे। एक दिन मकरसंक्रान्तिका दिन यही उद्यानपीठमा आई तिल बेच्न लाग्दा जति बेचे पनि पहिलेकै जत्तिकै रहंदा बहुत आश्चर्य माने। अनि तिलभित्र हेर्दा नारायणको मूर्ति देखी नमस्कार पूजा आदि गरे। आखिर ती बनियां तिनै नारायणमा लीन भए। त्यसपछि ती नारायण तिलमाधव भनी प्रख्यात भए। मकरसंक्रान्तिका दिन जसले दूध चढाई तिलमाधवको पूजा गर्दछ, त्यसको मनोरथ पूर्ण हुन्छ। यी तिलमाधव भक्तपुरमा छन्।

## वासुकिको प्रादुर्भाव

कुनै कालमा नागराज वासुकिलाई गरुडले समात्दा वासुकि गरुडबाट उम्की वाग्मतीका जलभित्र लुके । श्री पशुपतिनाथको शरण परी भक्तिसंग एकचित गरी हजार वर्षसम्म ध्यान गर्दा श्री पशुपतिनाथ प्रसन्न भए । "हे वासुकि, तिमीले यस क्षेत्रमा बसी मेरा द्वारको र निधिको रक्षा गर, गरुडको भय लिनुपर्दैन । अबदेखि मेरो दर्शन गर्न आउनेले पहिले तिम्रो दर्शन नगरी मेरो दर्शन गरे भने निष्फल हुनेछ" भनी श्री पशुपतिनाथले वर दिनुभयो । वासुकि श्री पशुपतिनाथका ईशानभागमा रहे । त्यो क्षेत्र वासुकिक्षेत्र भनी प्रख्यात भयो ।

## श्लेष्मान्तकको कथा

सिद्धाचलका दक्षिण भागमा श्लेष्मान्तक नामक नाग थिए । तिनलाई पनि गरुडले समाती लैजांदा देवीका करुणाले उम्के र श्री पशुपतिनाथका नगीचमा रही धेरै कालसम्म तपस्या गर्दा देवी प्रकट भइन् । "हे श्लेष्मान्तक, वासुकिको साथी भई यसै स्थानमा बस । तिमीलाई गरुडको भय हुने छन । तिम्रो नामले यस क्षेत्रको नाम श्लेष्मान्तक वन भनी प्रख्यात हुनेछ ।" यस्तो देवीबाट वर पाई श्लेष्मान्तक निर्भय भई रहे ।

## महेन्द्रदमन वध गरेको र वाग्मतीको ह्रद फोरेको

श्वेतकापुरी नामक शहरमा सूर्यकेतु नामका राजा थिए । एक दिन अति बलवान् पराक्रमी मिथिलाधिपति हंसध्वज राजाले तिनलाई आक्रमण गरे । आफ्नो बल क्षीण भई लडाईंमा हारेका सूर्यकेतु श्वेतकापुरीबाट भागे । अब कहां गई के गरौं चिन्ता गरिरहेका बखतमा नारदमुनिसंग भेट भएको हुनाले "अब कहां गएर बसे मलाई आनन्द होला " भनी आफ्नो दुःख बताए । "हे राजन्, मृगेन्द्रशिखर अति रमणीय र पवित्र छ । त्यहींबाट वाग्मती निस्केकी छन् । त्यहां गई गुप्तसंग बस । पछि श्रीकृष्ण आउनेछन् र उनैका करुणाले फेरि आफ्नो राज्य पाउनेछौ । अन्त्यमा यही शरीरले स्वर्ग जानेछौ । मनमा पीर नलेऊ " यस्तो नारदको उपदेश सुनी चन्द्रावती नामक छोरी र रानीलाई साथमा लिई राजा सूर्यकेतु सोही मृगेन्द्रशिखरमा गई बस्दा भए ।

केही दिनपछि शुक्रका उपदेशले रुद्रधारा तीर्थमा गई बाणासुरका पुत्र महेन्द्रदमन नामक दैत्य र शंखासुर नामक दैत्यले महादेवको तपस्या गरी प्रसन्न गरे । महादेवबाट पाएका वरदानका प्रभावले उद्धत भएको महेन्द्रदमन शंखासुर र आफ्नो भाइ कच्छापासुरलगायत सैन्य साथ लिई स्वर्गमा इन्द्रसंग लड्न पुगे । रणभूमिमा जिती इन्द्रलाई धपाएको हुनाले त्यही दिनदेखि वाणासुरका पुत्रको नाम महेन्द्रदमन भनी प्रसिद्ध भयो । इन्द्रलाई धपाई अमरावतीमा प्रवेश गर्न तयार हुंदा ब्रह्माजी स्वर्गमा गई ती उद्धत दैत्यहरूलाई संझाउनुभयो । "हे महेन्द्रदमन, मेरो वचन मान, तिमीहरू यस स्थानमा नबस, सुप्रभानगरीमा जाऊ । त्यहां तिमीहरूलाई तीनै लोकको श्रीसंपति र सुन्दरीको सुखले पूर्ण गराइदिउंला । सुप्रभामा दानवसैन्यसमेत साथमा लिई वास गर" । यस्तो ब्रह्माजीको आज्ञा मानी महेन्द्रदमन चन्दन पर्वतदेखि उत्तरपट्टि रहेको नानारत्नमय सुप्रभानगरीमा दैत्यहरू साथ लिई गए । महेन्द्रदमनको भयले भागेका इन्द्रादि देवताहरू जम्मा गरी "महेन्द्रदमनलाई कृष्णका पुत्र प्रद्युम्नले मार्नेछन् । त्यहांसम्म सुप्रभानगरीमै बस्नेछ, धन्दा नमान" यति भनी ब्रह्मा अन्तर्ध्यान हुनुभयो । इन्द्रादि देवता पनि अमरावती गई आनन्दपूर्वक रहे ।

महेन्द्रदमनकी बहिनी प्रभावती नामकी अति सुन्दरी थिइन् । कुनै बखत महादेवले उत्तर पन्थमा तपस्या गर्दा कामदेव गई पुष्पबाणले प्रहार गर्न तयार भएथे । त्यसै बेला समाधि खुल्न गई आफ्नाउपर अकर्तव्य गर्न लागेको कामदेवलाई देख्दा महादेव अत्यन्त क्रुद्ध हुनुभयो र उहांका तृतीय नेत्रबाट निस्केका अग्निले कामदेव भस्म भए । आफ्नो पति भस्म भएको देखी कामदेवकी पत्नी रति महादेवका अगाडि विलाप गर्दै रुन लागिन् । "हे रति, द्वापरको अन्तमा तिम्रो पतिसंग फेरि विवाह होला ।" महादेवले यस्तो वरदान दिनुभयो । तिनै रति अहिले प्रभावती भएकी हुन् । वत्सलादेवीको प्रभावतीले उपासना गर्दा देवी प्रसन्न भइन् । 'हे प्रभावती, तिम्रो इच्छा पूर्ण हुनेछ । तिम्रा पति श्री कृष्णका पुत्र प्रद्युम्न भई जन्मेका छन् । उनैसंगै तिम्रो विवाह हुनेछ ।" यस्तो वरदान दिई अन्तर्ध्यान हुनुभयो । प्रभावतीले यस्तो वरदान पाई सुप्रभानगरीमा आई चन्दनगिरिको टाकुरामा आफ्नो मन बहलाउन महेन्द्रदमनले बनाइदिएको अति रमणीय बगैंचामा विहार गर्दै उक्त वरदानअनुसार प्रद्युम्नसंग हुने शुभ समागमको समयलाई पर्खिरहिन् । महेन्द्रदमनले आफ्नो ठूलो सामर्थ्य देखाउन मृगेन्द्रशिखरबाट बगेकी बाग्मतीलाई दक्षिणपट्टिको निकासको ठाउंमा एउटा पहाड तेर्स्याएर थुनिदिए । वाग्मतीको जलले श्लेष्मान्तक वन ढाकी ठूलो ह्रद तुल्यायो । महेन्द्रदमन नानाप्रकारका

कमल फुलेको त्यस ह्रदमा जलक्रीडा गर्दै आनन्दपूर्वक रहन लागे ।

यसरी हरेक किसिमको शक्ति देखाई सबलाई भय गराउने महेन्द्रदमनलाई देख्दा मृगेन्द्रशिखरमा रहेका सूर्यकेतु राजाले पनि "यस दुष्टसंग शेखी गरी साध्य छैन, नजीकै आएको हुनाले यससंग मिल्नामानै मेरो भलो होला" भन्ने विचार गरी नानाप्रकारका सौगातद्वारा मान गरी निर्भयसंग रहन लागे ।

एक दिन महेन्द्रदमनको एउटा सेवक मृगेन्द्रशिखरमा गएका बखतमा सूर्यकेतु राजाकी छोरी अति सुन्दरी चन्द्रावतीलाई देख्यो र चांडै फर्की महेन्द्रदमनलाई बिन्ति गऱ्यो "हे दानवेन्द्र, आज मैले स्त्रीहरूमध्यमा रत्न जस्ती अति सुन्दरी सूर्यकेतु राजाकी छोरीलाई देखें, यस्ती सुन्दरी स्त्री हजूरकै योग्य छन् । यस्ती सुन्दरी स्त्रीको योग्य पति हजूरबाहेक अरू यस पृथ्वीभरि खोजे पनि पाइनेछैन ।" दूतले यसरी बिन्ति गर्दा महेन्द्रदमनले एउटा चलाक दूतलाई अह्राई चन्द्रावती कन्या माग्न भनी सूर्यकेतु राजाकहां पठाए । सूर्यकेतु राजाकहां गई दूतले बिन्ति गऱ्यो "महाराज, शंभुका वरप्रसादले तीनै लोकमा कसैले जित्न नसकिने पराक्रमी पुरुषहरू पनि जसका अगाडि नुहुन्छन् त्यस्ता संसारप्रसिद्ध संपूर्ण ऐश्वर्यले युक्त प्रतापी राजा महेन्द्रदमनले हजूरकी कन्या माग्न भनी मलाई पठाइबक्सेको छ, कन्यारत्न बक्सियोस् ।" यस्तो दूतको वचन सुनी भयविह्वल भए पनि सूर्यकेतुले विचार गरी भने "हे दूत, तीनै लोकका प्रतापी राजा महेन्द्रदमनले मेरी कन्या माग्न पठाए भने म जस्तो धन्य यस जगत्मा अर्को को होला ? महेन्द्रदमनसंग मेरी सुन्दरी छोरीको विवाह गर्न पाए छोरी पनि भाग्यवती हुनेछन् । महाराजलाई मेरी कन्या चढाउंछु" यस्तो सूर्यकेतुको वचन सुनी खुशी हुंदै दूत गई महेन्द्रदमनलाई भन्यो "महाराज, सूर्यकेतु राजाले हजूरलाई कन्या दिन मंजूर गरे ।"

दूतलाई जसोतसो फर्काए पनि सूर्यकेतुलाई शोक पऱ्यो "हा, कष्टमाथि कष्ट भयो । अब यो दुःखसागरको पार कसरी हुने हो ? श्वेतकापुरीको राजा भइरहेको थिएं, त्यहाँबाट दैवले नसही निकाला गरिदियो । यस मृगेन्द्रशिखरमा आई भाग्यानुसार दुःख भोगिरहंदा पनि आज सुख पाइएन । मनुष्यजाति मेरी कन्या दैत्यजाति महेन्द्रदमनलाई कसरी दिने ? महेन्द्रशिखरको कुशास्तरण पत्थरको शयन पनि मेरो प्रारब्धमा रहेनछ ।" यसरी ठूलो शोक गरिरहेका बखतमा नारदमुनि आइपुगे । गर्मीले तप्त भएका पुरुषले चिसो पानी पाए झैं शोकले संतप्त भएका राजा सूर्यकेतुले नारदलाई पाए । त्यसपछि स्वागतसम्मान गरी नारदलाई आफ्ना आसनमा बसाए । शोकले मलिन मुख भएका राजालाई देख्दा नारदले मुख मलिन हुनाको कारण सोधे, राजाले बताए "हे नारदमुनि, मेरी कन्या चन्द्रावतीलाई महेन्द्रदमनले विवाह गर्न भनी माग्न पठाएछन्, बडो संकष्टमा परेर मुखले हुन्छ त भने, अब कसो गरूँ" । नारदले बताए "हे राजन्, शोक गर्नुपर्दैन । हजूरकी पुत्री चन्द्रावतीलाई कृष्णका पुत्र प्रद्युम्नले विवाह गर्नेछन् । म द्वारकामा गई कृष्णलाई बिन्ति गर्दछु । यस कुराको बन्दोबस्त म मिलाइदिनेछु ।" यति भनी नारदमुनि आकाशमार्गले चन्दनगिरिको बाटो गरी गए । चन्दनगिरिमा बसेकी प्रभावतीले नारदमुनिलाई देखी प्रसन्न भई संमान गरिन् र आउनाको कारण सोधिन् । नारदले भने" "हे प्रभावती सूर्यकेतु राजाकी पुत्री प्रभावतीको विवाह कृष्णका पुत्र प्रद्युम्नसंग हुन्छ । त्यसकारण प्रद्युम्नलाई खबर दिन जान्छु । प्रद्युम्न यहां आई चन्द्रावतीसंग विवाह गर्नेछन् । उहांपछि तिम्रो दाजु महेन्द्रदमनसंग लडाइँ गरी मार्नेछन् र तिमीसंग पनि विवाह गर्नेछन् ।" यस्तो नारदको वचन सुनी प्रभावतीले सोधिन् "नारदजी, मेरा दाजु बहुतै बलिया छन्, किनभने शंखासुर र कच्छपासुरलाई अह्राई वाग्मती थुनेर सबैतिर बाटो बन्द गरी अजेय भएका छन् । तिनलाई प्रद्युम्नले कसरी जित्छन् ।" प्रभावतीका कुरा सुनी नारद भन्छन् "सत्यले यहां आई प्रद्युम्नले महेन्द्रदमनलाई मार्नेछन् । "त्यसपछि प्रभावतीले अड्डी लिइन्" त्यसो भए म प्रद्युम्नसंग विवाह गर्न चाहन्न, किनभने प्रभावतीले प्रद्युम्नलाई वरण गर्नाका इच्छाले आफ्नो दाजुलाई मराई भन्ने मेरो ठूलो अकीर्ति हुनेछ । प्रभावतीको कुरा सुनी नारदले संझाए— प्रभावती, तिमीले अघि वत्सलादेवीको उपासना गर्दा देवी प्रसन्न भई प्रद्युम्न पति पाउनेछौ भनी देवीबाट तिमीलाई वरदान भएको हुनाले तिमीले विवाह नगरी सुख छैन । यसकारणले हुनेहुनामीलाई छेकी छेकिनेछैन, विषाद नगर । पतिव्रता स्त्रीहरू आफ्नो पितृकुलभन्दा भर्तृकुल उत्तम ठहराई भर्तृकुलको उन्नतिमा रहन्छन् । तिम्रा पति प्रद्युम्ननै हुनेछन् । महेन्द्रदमन अवश्य प्रद्युम्नका हातबाटै मर्नेछन् । तिमी यहीं सुप्रभामा बस । तिम्रा दाजु महेन्द्रदमनले यो कुरा केही थाहा पाउनेछैनन् । "यति भनी नारद त्यहांबाट द्वारकातर्फ गए । नारदको सत्कार गरी कृष्णले आउनाको कारण सोधेपछि नारदले बताए "हे भगवन्, राजा सिंहध्वजका भयले राजा सूर्यकेतु महेन्द्रशिखरका श्वेतकापुरीमा बसेका छन् । उनकी छोरी

सर्वलक्षणले युक्त भएकी प्रभावती नाम गरेकी कन्या प्रद्युम्नलाई दिउंला भनी संकल्प गरेका छन्। महेन्द्रदमनकी बहिनी प्रभावती नामकी कन्या चन्दनगिरिका सुप्रभानगरीमा बसेकी छन्। तिनलाई पनि प्रद्युम्नले विवाह गर्नेछन् भनी वत्सलादेवीबाट वरदान भएको छ। यसकारण प्रद्युम्नलाई चन्द्रावतीसंग विवाह गर्न र महेन्द्रदमनलाई मारी प्रभावतीसंग विवाह गर्न श्वेतकापुरी र सुप्रभानगरीमा पठाइदिनुहोस्।" यस्तो नारदको विन्ति सुनी कृष्णले सोधे "नारदजी, महेन्द्रदमन बहुतै बलियो र दुर्जेय छ भन्ने सुन्दछु, विचरा प्रद्युम्नले कसरी मार्न सक्ला ?" नारदले विन्ति गरे "हे भगवन्, अघि महेन्द्रदमनले इन्द्रलाई दुःख दिदा ब्रह्माजी आफैं स्वर्गलोकमा गई महेन्द्रदमनलाई सुप्रभानगरीमा पठाएपछि" "यसको मृत्यु प्रद्युम्नका हातबाट हुन्छ, अरूबाट हुंदैन" भन्नुभएको मैले सुनेको छु" भनी महेन्द्रदमनले इन्द्रलाई जितेका पूर्ववृतान्त सबै बताए। "शंका लाग्दछ भने भोलि यहांहरू पनि पाल्नुहोला" भनी प्रद्युम्नसहित गरुडमा सवार भई नारद चन्दनगिरि पर्वततिर लागे।

उत्तम वृक्षहरू, जातजातका फूलहरू र जातजातका फलहरूले शोभायमान भएको, हावा पनि शीतल भै मन्द मन्द चलिरहिएको, सुन्दर कमलले सुगन्धित भएको उद्यानका बीचमा एउटा बंगाला थियो। त्यस बंगालाभित्र खोपीको कोमल शय्यामा चन्द्रमाकी कला जस्ती प्रभावती सुतिरहेकी थिइन्। आफ्ना मनमा प्रद्युम्नसंग विवाह गर्ने अनेक कामकलालाई चिन्तन गरी सुतिरहेकी प्रभावतीको कोठामै नारद पसे। नारदले भने "हे प्रभावती, सुनमा रत्न जडे जस्तो शोभा हुने तिमी जस्तै सुन्दर प्रद्युम्नलाई लिई आएं, यिनीसंग गान्धर्व विवाह गर।" नारदको यस्तो वचन सुनेर प्रद्युम्नको रूपसौन्दर्यदेखि मोहित भई प्रभावतीले भनिन् "नारदजी, यस्ता कोमल अंग भएका सुकुमारलाई मेरा दाजु महेन्द्रदमनले पाए भने कांचै खानेछन्।" प्रभावतीको कुरा सुनी नारदले संझाए। "हे प्रभावती यस कुरामा सन्देह नगर। महेन्द्रदमनभन्दा पनि बलिया दानवहरूलाई अघि यिनै प्रद्युम्नले मारेथे भने महेन्द्रदमनलाई के गन्दथे, अवश्य मार्नेछन्। तिम्रा ससुरा हुने श्रीकृष्ण पनि भोलि गरुडमा सवार भई यहां आउनेछन्। आफ्ना पिताको मद्दतद्वारा प्रद्युम्नले ठूलो लडाईं गरी यो देवकण्टक महेन्द्रदमनलाई मार्नेछन् र सूर्यकेतुकी पुत्री चन्द्रावती र तिमीलाई विवाह गर्नेछन्। तिमीहरू द्वारवतीपुरीमा गई पतिका साथमा देवताहरूले पनि दुर्लभ भएको सुखभोग गर्नेछौ।

बस, प्रेमी र प्रेमिकालाई त्यहीं छाडी नारद पनि सूर्यकेतुलाई खबर दिन महेन्द्रशिखरमा पुगे। नारद गएपछि प्रद्युम्नले सुन्दरी प्रभावतीलाई आफ्ना नगीचमा राख्दै भने "प्रभावती, नारदबाट तिम्रो बयान सुनेपछि तिम्रो सौन्दर्यमा मेरो मन धसियो र रातभर निद्रा परेन," यस्तै प्रेमालाप परस्परमा हुन लागे। त्यसपछि प्रभावतीले फूलको सुगन्धी मालालिई पतिभावले प्रद्युम्नका गलामा लगाई तीनपल्ट प्रदक्षिणा गरी पाउकमलमा प्रणाम गरिन्। यस्ता रीतले गान्धर्व विवाह भएपछि अनेक तरहका प्रेमभाव गर्दै रात बिताए। चन्द्रास्त भई प्रातःकाल भएपछि नारद पनि सूर्यकेतु राजालाई भरोसा दिई प्रद्युम्नकहां आइपुगे। प्रद्युम्नले नारदलाई भने "नारदजी, देवताहरूले पनि मार्न नसकिने यस्तो दुर्जेय महेन्द्रदमनलाई कसरी मार्ने हो ?" नारले बताए "हे प्रद्युम्न, यो दैत्य जस्तोसुकै बलियो भए पनि अघि ब्रह्माका मुखबाट मैले यो दैत्य तिम्रा हातबाट मर्छ भनी सुनेको थिएं। यसकारण तिमी निर्धक्कसंग लडाईं गर, यो तिम्रा हातबाट मर्नेछ।" यस्तो नारदको वचनले प्रद्युम्नको सुर्‍याइ बढ्दै गयो। प्रभावती पनि आफ्ना पतिको जयका निमित्त मंगलकर्म गर्न लागिन्। "बाबु प्रद्युम्न, तिम्रा पिता श्री कृष्ण पनि शंख, चक्र, गदा, पद्म धारण गरी गरुडमा सवार भई पाल्नुहुनेछ।" यस्तो नारदको वचनले प्रद्युम्न झन् सुरिए।

लडाईंको श्रीगणेश भयो। प्रद्युम्न पनि पहिले नागह्रद थुनी रहने शंखासुरसंग लड्ने इच्छाले शंखालयमा पुगे। शंखासुर वाग्मतीका द्वारमा बसी वाग्मतीको जल छेकिरहेको थियो। त्यसलाई एक लात बजाए। शंखासुर शंखभित्रबाट भयानक शब्द गरी बाहिर निस्की प्रद्युम्नसंग लड्दै बक्यो "म देवताहरूले पनि लडाईंमा आंट गर्न नसकिनेसम्मको पराक्रमी छु। मलाई हेपी आउने तं को होस्" भनी अनेक शेखीका वचन बोली लड्न लाग्यो। प्रद्युम्नले शंखासुरका छातीमा घुंडा धसी मार्न लाग्दा मर्ने वेलामा ठूलो शब्दले करायो। त्यो शब्द सुनी पानीभित्र रहेको कच्छपासुर पर्वतभन्दा ठूलो शरीरले प्रद्युम्नका उपर चढाइ गर्न लाग्यो। त्यसका पछि सैन्य पनि अनेक शस्त्रास्त्र लिई आए। त्यस्तो हल्ला सबै ठाउंमा पुग्दा महेन्द्रदमन र सुप्रभाका अरू सबै वीर सैन्यहरू शस्त्रास्त्र लिई त्यसै ठाउंमा एकयूथ भए। त्यसपछि प्रद्युम्न पनि ती एकथूय भएका सैन्यले सहित भएको महेन्द्रदमन र कच्छपासुरलाई देखी युद्धयोग्य रथमा सवार भई लड्नलाई कसिए। त्यसै वेलामा महेन्द्रदमन अगाडि सरी सोधे "हे वीर तं को होस्, कसको छोरो होस् ? म जस्ता वीरले वाग्मती थुनी पाली राखेको शंखासुरलाई किन मारिस्, कच्छपासुरलाई किन चलाइस् ?" भनी हप्काए। प्रद्युम्नले जवाफ दिए "हे

दैत्य, तेरो मन्त्री शंखासुरलाई मारी कच्छपासुरलाई पनि मार्न इच्छा गर्ने र तंलाई पनि मार्न इच्छा गर्ने म श्री कृष्णको पुत्र हुं। मेरो नाम प्रद्युम्न भनी प्रसिद्ध छ। देवताहरूको जय र तिमीहरूको नाश गर्न आएको हुं।" प्रद्युम्नको फुर्तिलो कुरा सुनी राता राता आंखा गरी महेन्द्रदमन गर्ज्यो "हे प्रद्युम्न, जुन दिन तैले शंखलाई मारिस्, त्यस दिनदेखि तेराउपर ईबी लिएको थिएं. तर फेला परेको थिइनस्, आज फेला पारें। तं खास कृष्णको पुत्र होस् भने यो लडाईंबाट भाग्नेछैनस्। तंलाई यसै भूमिमा गिराई तेरो रगतले पृथ्वी रातो गराउनेछु।" प्रद्युम्नले पनि झन् तताए–"हे दैत्य, तं तीन लोकको कण्टक होस्। तंलाई मारी निर्विघ्नसंग चन्द्रावतीलाई विवाह गर्नेछु।" यसरी प्रद्युम्नले चन्द्रावतीको नाम उच्चारण गर्दा अत्यन्त रिसाई महेन्द्रदमन प्रद्युम्नसंग लड्न तयार भयो।

एकातिर एकला प्रद्युम्न, अर्कातिर दानवको फौज थियो। त्यसै बखत श्री कृष्ण पनि शंख, चक्र, गदा र पद्म धारणा गरी गरुडमा सवार भएर देवतागण साथमा लिई त्यहीं आइपुगे। प्रद्युम्नका सहायक हुन आएका देवगण देखी महेन्द्रदमन क्रोधले जाज्वल्यमान भई प्रद्युम्नलाई अनेक तरहका शस्त्रास्त्रले प्रहार गर्न लाग्यो। प्रद्युम्नले पनि आफ्नाउपर प्रहार गरेका शस्त्रास्त्रलाई आफ्ना शस्त्रास्त्रको वृष्टिले काटी खसाले। प्रद्युम्नले प्रहार गरेका शस्त्रास्त्र पनि महेन्द्रदमनले काटी खसाले। यसरी परस्पर जोडतोडसंग अन्धाधुन्ध युद्ध भयो। यसरी प्रद्युम्न र महेन्द्रदमनको परस्पर महायुद्ध हुँदा महेन्द्रदमन रिसाई प्रद्युम्नलाई अति भयानक नागास्त्रको प्रयोग गरे। त्यस शस्त्रको तेज सहन नसकी प्रद्युम्न पृथ्वीमा लडे। श्री कृष्णले आफ्नो पुत्र लडेको देखी गरुडलाई पठाए। गरुडले प्रद्युम्नलाई उठाई शीतल ठाउंमा लगेर आफ्नो पखटाले हम्की नागास्त्रको विष झारी चेतनायुक्त गराए। बिउंतेपछि कुन उपायले शत्रु मारौं भनी चिन्तित भएका प्रद्युम्नलाई नारदले संझाए "प्रद्युम्न, यसलाई अघि ब्रह्माबाट शस्त्रास्त्रले मर्नेछैनस् भनी वरदान भएको छ। त्यसकारण यसका शरीरमा बज्रसमानको मूठी प्रहार गरे मात्र यो मर्छ" नारदको यस्तो उपदेश सुनी प्रद्युम्नले आफ्नो शरीरभरको ताकत आफ्नो मूठीमा चढाई दांत कटकट गरेर महेन्द्रदमनको शिरमा प्रहार गरे। त्यस मूठीको वेदना सहन नसकी महेन्द्रदमनको प्राणपक्षी उड्यो र शरीर जरा काटेको वृक्ष झैं पृथ्वीमा ढल्यो। त्यस्तो अजेय दत्येन्द्र महेन्द्रदमन मृत्युपदमा पुगेको देखी सुप्रभा नगरीमा रहेका अरू दानवहरू हाहाहकार गर्दै पातालतिर भागे। त्यसपछि अप्सराहरू आई प्रद्युम्नका उपर जयजय शब्द र गानबजान गर्न लागे। इन्द्रादि देवताहरू पनि खुशी भई प्रद्युम्नका अगाडि आई प्रद्युम्नको प्रशंसा गर्न लागे। यस उत्सवमा भएको गानाबजाना सुनी वाग्मती पनि सुन्दर स्त्रीको मूर्ति धारण गरी पानीबाट बाहिर निस्की त्यही उत्सवमा गएर श्रीकृष्ण र प्रद्युम्नको स्तुति गर्न लागिन्। श्रीकृष्णले तिमी को होऊ भनी सोद्धा वाग्मतीले भनिन्— "भगवान्, म वाग्मती हुँ, मलाई कच्छपासुरले सेतुबन्ध गरी छेकिरहेछ। त्यसलाई मारी मेरो जाने बाटो खुलाइदिनुहोस्। प्रभु, मलाई गंगासंग भेट गर्न बहुतै धोको छ।" यस्तो वाग्मतीको विन्ति श्रीकृष्णले मन्जूर गर्नुभयो।

अब बाँकी रह्यो वाग्मतीको बाटो खुला गर्ने काम। श्रीकृष्णले चक्रद्वारा वाग्मतीमा बांधिराखेको सेतु काट्दा कच्छपासुर बहुतै कुपित भई दायां हातमा दोलागिरि पर्वत र बायां हातमा हेमगिरि पर्वत लिई फेरि थुन्न आंटेको देखी श्री कृष्णले त्यस दैत्यले हातमा लिएको पर्वतका उपर गई दोलागिरिमा कीलेश्वर नामक शिवलिंग र हेमगिरिमा हेमशृंगेश्वर नामक शिवलिंग स्थापना गर्नुभयो। शिवलिंगको बोझाले भारी भई दैत्यका हातबाट ती दुवै पर्वत बीच बाटैमा खसी पृथिवीमा अडिए। फेरि उठाउन कच्छपासुरले भरमगदूर प्रयत्न गर्दा पनि केही नलागी हार खायो। यसरी कच्छपासुरको दर्पभंग गर्न श्रीकृष्णले स्थापना गर्नुभएको हुनाले चैत्र कृष्ण चतुर्दशीका दिन कीलेश्वरको भक्तिभावपूर्वक जसले दर्शन गर्छ, त्यो अन्त्यमा कैलाशधाम पुग्छ। फागुन कृष्ण चतुर्दशी शिवरात्रीका दिन हेमशृंगेश्वरमा दीपमालिका गर्नाले अक्षय कैलाशवास पाइन्छ। मनोरथ पूर्ण हुन्छ। ती दुई शिवलिंगको यस्तो महात्म्य भयो।

त्यसपछि कच्छपासुरले पर्वत उठाउन नसक्दा रिसले मुरमुरिई प्रद्युम्नसंग लड्न आयो। परस्पर महायुद्ध गर्दा पनि त्यस कच्छपासुरको मृत्यु भएन। प्रद्युम्नले हार खान लाग्दा नारदले संझाए "हे प्रद्युम्न, यस दैत्यका पेटमा एक रत्न छ, त्यो रत्न यसको पेट चिरी झिकेपछि मात्र यो दानव मर्छ"। अनि प्रद्युम्नले त्यस दैत्यलाई बलपूर्वक पछारी खड्गले पेट चिरी रत्न झिक्दा पनि उफ्री लडाईं गर्न आयो। अनेक शस्त्रास्त्र प्रहार गर्दा पनि त्यसको मृत्यु भएन र फेरि नारद आई संझाए। "हे प्रद्युम्न, यो दैत्य कछुवाको अंश हुनाले पानीमा बलियो हुन्छ। यसकारण यसलाई पानी नभएको ठाउंमा लगी मार्नुहोस्" यस्तो नारदको उपदेश पाउंदा गरुडले आफ्ना पखेटाका जोडले वाग्मतीको पानी हटाई स्थल बनाइदिए। त्यसै मौकामा आफ्ना पितासंग चक्र लिई प्रद्युम्नले कच्छपासुरको शिर छेदन गरे। अनि इन्द्रादि देवता, ऋषिमुनि, अप्सरा आदि सबै आई श्रीकृष्ण र प्रद्युम्नउपर स्तुतिपूर्वक पुष्पवृष्टि गरे। त्यसपछि प्रद्युम्नले आफ्ना पिता र दलबलसहित सुप्रभामा गई प्रभा-

वतीका साथ एक दिन विश्राम गरे। उता नारदमुनि सूर्यकेतु राजाका दरवारमा पुग्दा राजाले संमानपूर्वक भने "नारदजी' संसारमा असल काम विष्णुको सेवा गर्नु हो। त्यसैले शेषशायी विष्णुको मूर्ति बनाउन लागिरहेछु"। नारदले भने "महाराज, तपाईं धन्य हुनुहुन्छ। श्रीकृष्ण भगवान् आफ्ना छोरा प्रद्युम्नलाई लिई आउनुभएको छ। सैन्यसहित शंखासुर, महेन्द्रदमन, कच्छपासुर दैत्यहरूलाई प्रद्युम्नद्वारा वध गराई अहिले सुप्रभानगरीमा बस्नुभएको छ। तपाईंको विष्णुमा ठूलो भक्ति रहेछ। भोलिसंम पनि श्रीकृष्णको दर्शन नगरी धैर्य गर्न सक्नुहुन्न भने विष्णुमतीको उत्पत्तिस्थाननिकट गई शेषशायी विष्णुको मूर्ति स्थापना गर्नुहोस्। भोलि प्रातः कालमा श्रीकृष्णको दर्शन गर्न जाउंला। नारदको यस्तो वचन सुनी उनका आज्ञानुसार विष्णुमतीको उत्पत्ति स्थानको सन्निधानमा गई शेषशायी नारायणको स्थापना गरे। त्यहां गई शेषशायी भगवान्‌को जसले दर्शन गर्ला, त्यसको वैकुण्ठवास होला भन्ने महात्म्य पनि भयो।

भोलिपल्ट प्रातःकाल भए पछि राजा सूर्यकेतु श्रीकृष्णको दर्शन गर्न भनी सुप्रभामा गए। त्यहां श्रीकृष्णको अनेक स्तुति गरी दण्डवत् गरे। राजा सूर्यकेतुको भक्तिदेखि खुशी भई श्री कृष्णले वर माग्ने निगाह गर्नुभयो। सूर्यकेतुले विन्ति गरे "प्रभु, हजुर मदेखि प्रसन्न हुनुहुन्छ भने मेरा साथमा मृगेन्द्रशिखर पाल्नुहोस्। त्यहां हजुरका पुत्र प्रद्युम्नसंग मेरी पुत्री चन्द्रावतीको विवाह गर्न पाऊं।" राजा सूर्यकेतुको विन्ति सकार गरी श्रीकृष्ण पुत्रसहित भई गरुडमा चढी पशुपतिनाथको स्थानमा जानुभयो। त्यहां पुगेपछि वाग्मतीमा स्नान गरी सन्ध्या तर्पण आदि नित्यकर्म समाप्त गरेर वत्सलादेवी र पशुपतिनाथको दर्शन गर्नुभयो। अनेक पवित्र पूजासामाद्वारा पूजा, प्रदक्षिणा, स्तुति आदि गरी दक्षिणद्वारमा पुगेर जप र ध्यान गर्नुभयो। श्रीकृष्ण पशुपतिमा आउनुभयो भन्ने सुनी मुनिहरूमा उत्तम ने नामक मुनि र दोलागिरि पर्वत आदि आश्रममा रहेका शक्तिवान् मुनिहरू पनि श्रीकृष्णको दर्शन गर्ने इच्छाले पशुपतिको स्थानमा पुगे। उहांपछि श्रीकृष्णलाई श्रीपशुपतिनाथका स्थानमा देखी संपूर्ण मुख्य मुनिहरूमा मुख्य भएका ने मुनिले आफ्ना दुवै हात उठाई सम्पूर्ण मुनिहरूलाई सुनाए "मुनिजनहो, आज अपूर्व उत्तम दर्शन पाइयो। किनभने एकै रूप भएका हरिहरको एकै ठाउंमा दर्शन पायौं। जसले शिव र विष्णुको भेद गर्छ, त्यो वेदविरोधी हो, तत्त्व नजान्ने हो। आज एकै शरीर भएका शिवकेशवको एकै ठाउंमा दर्शन पायौं भने हामी बहुत कृतार्थ भयौं।" भक्तिपूर्वक ने मुनिले गरेको स्तुति सुनी श्रीपशुपतिनाथ प्रकट हुनुभयो र निगाह गर्नुभयो "हे ने मुनि, तिमीदेखि म प्रसन्न भएं। यस क्षेत्रमा म मृगरूप भई जहां जहाँ खाएको, पिएको, हिंडेको घुमेको छु त्यहां पवित्र तीर्थ छन्। त्यहाँ अघि वासुकिले तप गरेको हुनाले वासुकिक्षेत्र यसै वनमा छ। श्लेष्मान्तक नागले तप गरेको हुनाले यस वनको नाम श्लेष्मान्तक भयो। अबदेखि तिमी यहां भएका तीर्थक्षेत्रको रक्षा गरी तप गरेर बस। तिमीले पालना गरेको हुनाले अबदेखि हिमालय पर्वतको सन्निधानमा रहेको यस देशको नाम नेपाल भनी प्रसिद्ध हुनेछ।" श्री पशुपतिबाट ने मुनिलाई यस्तो वरदान बक्सियो। ने मुनिले पनि श्रीपशुपतिनाथको वरमुताबिक यस देशको रक्षा गरे। त्यस समयदेखि यसको नाम नेपाल भनी प्रसिद्ध भयो।

त्यसपछि इन्द्रादि देवता, नारदमुनि र प्रद्युम्नले सहित भई श्रीकृष्ण श्रीपशुपतिनाथसंग बिदा हुनुभयो। अनि गुह्येश्वरी-मा गई दर्शन गर्नुभयो र गोकर्णेश्वरमा गई दर्शन गरी त्यहांबाट मृगेन्द्रशिखरमा जानुभयो। अनि वाग्मती प्रकट भएका स्थानमा गई स्नान दान गरी सूर्यकेतु राजाका दरवारमा जानुभयो। सूर्यकेतु राजाले नारदले बताएका विधिले आफ्नी कन्या चन्द्रावती प्रद्युम्नलाई दिई अनेक तरहका दिव्य वस्त्र, सुगन्धी द्रव्य, पुष्पमाला, रत्नमाला, सुवर्णाभरण आदिले प्रद्युम्नको र श्री कृष्णको सत्कार गरे। अप्सरा, देवता र गन्धर्वहरूको गान, बजान र नाच आदि उत्सव भयो। त्यहांपछि श्रीकृष्णले प्रभावती र चन्द्रावती दुवै बुहारीसहित भएका प्रद्युम्नलाई देखी अत्यन्त हर्षित भई द्वारकातर्फ जाने इच्छा गर्नुभयो। श्रीकृष्ण जान लाग्नुभएको देखी इन्द्रादि देवता, मुनिगण, अप्सरागण र सूर्यकेतु राजा पनि श्रीकृष्णका समीपमा आई स्तुति गर्न लागे। श्रीकृष्णले पनि आफ्ना अंगमा हरिचन्दन लेपन गरी, दिव्य वस्त्र धारण गरी, प्रद्युम्नलाई साथमा लिई, गरुडमा सवार भई बुहारी प्रभावती र चन्द्रावतीलाई सूर्यकेतु राजाका साथमा रथमा चढ्न लगाई त्यहांबाट प्रस्थान गरे। श्रीकृष्णले प्रद्युम्नलाई भने "बाबु, यो नेपालक्षेत्र अत्युत्तम छ। यहां धेरै तीर्थहरू, पीठहरू, देवताहरू र नदीहरू छन्। यी सबैमा स्नान, दर्शन गर्नुपर्छ।" यस्तो महात्म्य बताई आकाश मार्गले जानुभयो। देवताहरू पनि श्रीकृष्णका पछि लागे।

त्यसपछि प्रद्युम्नलाई सबै क्षेत्र देखाउनुभयो। "बाबु प्रद्युम्न, यी श्री महादेवका मुखारविन्दबाट निस्केकी वाग्मती नदी हुन्। शिखरनारायण, इन्द्राणी नदीका तीरमा रहेका इन्द्रेश्वर, दोलागिरि पर्वतमा रहेका चम्पकनारायण, कर्कोटक

ह्रद, वाग्मती र मणिमतीको संगम शंखमूलतीर्थ, त्यही संगमबाट प्रकट भएको रुद्रधारातीर्थ, वीरभद्रा, तमसा, पातालगंगा नदीहरू, चंपा र वीरभद्रासंगममा हनूमदीश्वर, वाल्मीकीश्वर, तिलमाधव आदि देवताहरू हुन्। वाग्मती र मणिमतीका बीचको भूमि अति पुण्यदायक छ। यी वाग्मती नदीमा सहस्र तीर्थ छन्। वाग्मती र विष्णुमतीका बीचको भूमि सिद्धभूमि हो। यी विष्णुमती नदी हुन्। यी रुद्रमती नदी हुन्। यी विष्णुमतीका तीरमा रहेका शिवलिंग टंकेश्वर हुन्। यो वाग्मती र विश्णुमतीको संगम हो। यहां पर्चलिंगेश्वर महादेव छन्। यिनै महादेव हुनाले यो ठाउं पंचलिंगतीर्थ भनी प्रख्यात छ। यो वाग्मती र विष्णुमतीको संगममा अघि सत्यलाई मारेको हो। यस स्थानमा सर्वौषधि भएको पर्वत छ। त्यहीं गुफा छ। त्यस गुफाभित्र नारायण रहेका छन्। वाग्मती जाने दक्षिणद्वारको त्यो कूर्मपर्वत हो। त्यस पर्वतका पश्चिम तटमा ठूलो शिलारूप गणेश छन्। त्यो मीनाचल नामले प्रसिद्ध भएको ह्रद हो। चन्दनगिरिका नजीकको त्यो उलूकतीर्थ हो। बाबु, यी क्षेत्रका तीर्थले जति पुण्य दिन सक्दछन् त्यति पुण्य नैमिषारण्य, पुष्कर, कुरुक्षेत्र इत्यादि तीर्थका स्नान, दान, ध्यान आदिले पनि दिन सक्तैनन्। यो नेपाल क्षेत्र अत्युत्तम छ। सबैले यी तीर्थ पाइने होइनन्।" श्री कृष्णले इत्यादि महात्म्य आफ्ना छोरालाई बताउंदै ती तीर्थहरूमा स्नान, दर्शन, ध्यान गर्दै आए। यहां म पनि शिवलिंग स्थापना गर्छु भनी गोपालेश्वर शिवलिंगको स्थापना गरी शिखरनारायणको पूजा गरे। अघि सूर्यकेतु राजालाई जिती श्वेतकापुरीमा बसेका हंसध्वज राजाकहां गए। श्रीकृष्णलाई देख्ने बित्तिकै हंसध्वज राजाले श्रीकृष्णको सत्कार गरी स्तुति गरे। "महाराज हंसध्वज, सूर्यकेतु राजाको राज्य अघि तिमीले हरेर लिएको रहेछ, त्यो राज्य सूर्यकेतुलाई फिर्ता देऊ।" श्रीकृष्णको आज्ञामुताविक हंसध्वज राजाले राज्य फर्काइदिए र श्रीकृष्णको स्तुति पनि गरे। "हे हंसध्वज, मेरो वचन मानी राजा सूर्यकेतुलाई राज्य दिएको हुनाले म तिमीदेखि साह्रै खुशी भएं। यस लोकमा सुखले दिन काटी परलोकमा पनि उत्तम गति पाउनेछौ।" श्रीकृष्णले यस्तो वरदान दिए। हंसध्वज राजाले पनि श्रीकृष्णलाई साष्टांग दण्डवत् गरी पूजा गरे। फेरि प्रद्युम्नको पूजा गरी प्रभावती र चन्द्रावतीलाई अनेक तरहका सुवर्ण, रत्न आदिका गहना पोशाक दिए। राजा सूर्यकेतु पनि हंसध्वजबाट अघि हरिएको राज्य पाई प्रसन्न भए। त्यसपछि श्रीकृष्ण पनि हंसध्वज र सूर्यकेतुबाट बिदा भई आफ्ना छोरा र बुहारीहरूले सहित भई द्वारकापुरीतिर लागे।

## बज्रयोगिनीको कथा

पूर्वकालमा ब्रह्मा, विष्णु र महेश्वरले मणिमय पर्वतमा गरेका तपस्याले प्रसन्न भई योगनिद्रास्वरूप बज्रयोगिनी सोही पर्वतमा विराजमान हुनुभयो। केही कालमा कलिंगदेशका राजा देवीदासले नारदमुनिका मुखबाट योगेश्वरीको महिमा सुनी ठूलो भक्ति मनमा लिई दर्शन गर्नाका अभिलाषाले आफ्ना पुत्रलाई राज्यमा राखी महामायालाई आफ्नो शरण संझी बडो कष्टले नेपाल क्षेत्रमा आए। योगगंगातीर्थमा स्नान गरी गणेशादि देवताको पूजा आदि गरे। संसारको भोग छोडी महामन्त्र जपी तप गर्दा जपको संख्या १००००० पुगेपछि परमेश्वरी प्रसन्न हुनुभयो र शिवशक्तिश्वरूप धारण गरी कार्तिक कृष्ण नवमीका दिन दर्शन दिनुभयो। "हे राजन्, तिम्रो तपले म प्रसन्न भएँ। यही देहसित मुक्त भयौ। अब उमामहेश्वरको लोकमा जाऊ। अबउप्रान्त यस स्थानमा जसले जप गर्ला त्यसले चांडै सिद्धि पाउला। यहां थोरै धर्म गरे पनि धेरै धर्म पाउला। देहान्तमा परमपद पनि पाउला"। भनी ईश्वरी अन्तर्धान हुनुभयो। त्यसै बखतमा देवलोकबाट सूर्य झैं चहकिलो विमान आयो। राजा पनि त्यस विमानमा चढी यसै शरीरले उमामहेश्वरको लोकमा गए। यसैकारण बज्रयोगिनीमा जप गर्न कठिन छ। तर, कठिन भए पनि बज्रयोगनीलाई मानी तप गर्न सक्यो भने चांडै सिद्धि हुन्छ। योगेश्वर पनि शिवशक्तिस्वरूप भई त्यहीं विराजमान हुनुभएको छ।

## ने मुनिको कथा

अघि कुनै कालमा मरीचिका पुत्र ने मुनिले पनि योगेश्वरीको महिमा सुनी मणिचूडपर्वतमा गई १२ वर्षसम्म शैलकोष्ठ (गुफा) मा रही तप गरे। तपबाट श्री बज्रयोगिनी प्रादुर्भाव भई निगाह गर्नुभयो। "हे ने मुनि, तिम्रा तपस्याले म प्रसन्न भएं। अबउप्रान्त सिद्धहरूका मध्यमा तिमी जस्तो सिद्ध अर्को कुनै हुनेछैन। तिम्रो कीर्ति आजदेखि प्रलयपर्यन्त रहनेछ। यस देशको पालना राम्रा तरहले गर्नेछौ। तिम्रो नामाक्षरले यस देशको नाम नेपाल भनी प्रलयकालपर्यन्त रहनेछ। अन्त्यमा तिमी सायुज्यमुक्ति पाउनेछौ। हे पुत्र, तिमीले यस क्षेत्रमा बसी श्री पशुपतिनाथको पूजा गर्नू। यो नेपालक्षेत्र कस्तो छ भने त्रैलोक्यमा भुक्तिमुक्ति दिनामा सर्वश्रेष्ठ छ। केही कालपछि यो देश ह्रद हुनेछ।" यस्तो ईश्वरीबाट वरदान पाएपछि ने मुनिले आफ्ना मनमा विचार गरे र अब यस देशको पालना कस्ता नीतिले गरूं भनी धर्मराजकहां गई सोधे "हे धर्मराज, यस कलियुगमा मनुष्यहरू बल, बुद्धि र पराक्रममा कमजोर गति भएका हुनेछन्। यसकारण यिनीहरूको सदा योगक्षेम गर्नालाई नीतिको प्रवर्तन नगराई हुंदैन। अब कस्ता तरहको व्यवस्था बांधे जगत्को कल्याण

होला ।" धर्मराजले उपदेश गरे "हे ने मुनि, सम्पूर्णको कल्याण हुने स्थिति गर्दा पहिले सत्य शौचमा रहनू । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य छोड्नू । वेदोक्त नियमममा रहनू । इन्द्रियलाई जित्नू । यस्तो नियममा रही राजाका अदबमा बस्नू । आफूले गरेको काम न्यायले गरें कि अन्यायले गरें भनी मनले छुट्टचाउनू । यस्ता रीतिले जो रहन्छ त्यसलाई कहीं पनि भय हुंदैन । यस्ता पुरुषका शरीरमा म आफैं आई रक्षा गर्दछु । हे ने मुनि, यस्ता रीतले मन शुद्ध भएका जनलाई कदाचित् पनि दुःख हुंदैन । यस लोकमा सुखपूर्वक धेरै कालसम्म जिएर अन्त्यकालमा मुक्ति पद पाउंदछ । मैले बताएका धर्मको उल्टो जसले गर्दछ त्यसले उल्टै फल पाउंदछ ।" यस्ता तरहका अनेक नीति धर्मराजले बताएको सुनी ने मुनि पनि आफ्ना आश्रममा गए । धर्मराजका वचनअनुसार धर्मको प्रवर्तन गरी श्री पशुपतिक्षेत्रको पालना गरी धर्मशास्त्रअनुसार प्रजालाई व्रत नियममा राखी ने मुनिले नेपालको पालना गरे । त्यस वेलादेखि नेपाल भनी प्रसिद्ध भयो । यस कारण ने मुनिको अनुग्रह नभई पशुपतिनाथका ज्योतिस्वरूपको दर्शन पाइंदैन । नेपालका गुरु ने मुनि हुन् । यिनको पहिलेको आश्रम दुम्जा हो ।

## नेपालको वर्णन

श्री पशुपतिनाथ र श्रीबज्रयोगिनीबाट अबदेखि यस क्षेत्रको तिमीले पालना गर्नू, तिमीले पालना गरिने हुनाले यस क्षेत्रको नाम नेपाल हुनेछ भन्ने ने मुनिले वरदान पाएको हुनाले यस देशको नाम नेपाल प्रसिद्ध भयो । पश्चिममा गण्डकी, पूर्वमा कौशिकी, उत्तरमा नीलकण्ठ, दक्षिणमा नटेश्वर यस बीचको ठाउं नेपाल नाउं भएको अति पुण्यमय देवक्षेत्र हो । नेपाल भन्ने यो नाम मात्र पनि जसले ज्ञानपूर्वक होस् अथवा अज्ञानपूर्वक होस् उच्चारण गर्दछ त्यो दिनदिनको पापदेखि छुट्दछ । फेरि त्यसले यसै देशमा जन्म लिन पाउंदछ भन्ने कुरा हिमवत्खण्डको ७० अध्यायमा लेखिएको छ ।

**गण्डकी कौशिकी चैव तयोर्मध्ये वनस्थलम् ।**
**नीलकण्ठनटेशौ च तयोर्मध्ये तथाविधम् ।**
**नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदम् ।**
**नेपाल इति यो ब्रूयाज्ज्ञानतोज्ञानतोपि वा ।**
**नित्यं कृतेनसो मुक्तस्तत्रैव जायते पुनः ।**

तन्त्रमा धनेश्वरदेखि योगेश्वरसम्मको स्थान साधकहरूलाई सिद्धि दिने नेपाल क्षेत्र हो भन्ने कुरा पनि लेखिएको छ ।

**धनेश्वरं समारभ्य योगेशान्तं महेश्वरि ।**
**नेपालदेशो देवेशि साधकानां सुसिद्धिदः ।**

सत्ययुगमा सत्यवती पुरी भनी प्रसिद्ध थियो, त्रेतायुगमा तपोवन भनी प्रसिद्ध थियो, द्वापरयुगमा मुक्तिसोपान भनी प्रसिद्ध थियो, कलियुगमा नेपाल भनी प्रसिद्ध छ भन्ने कुरा पनि हिमवत्खण्डको ७२ अध्यायमा लेखिएको छ ।

**कृते सत्यवती यत्र त्रेतायां तु तपोवनम् ।**
**द्वापरे मुक्तिसोपानं कलौ नेपालिका पुरी ।**

## विरूपाक्षको कथा

कुनै कालमा अन्तर्वेदी नगरमा एक श्रोत्रिय धर्म शर्मा नाम गरेका ब्राह्मण थिए । ती उत्तम ब्राह्मण भए तापनि तिनका पुत्र आफ्ना पूर्वजन्मका असत्कर्मका विपाकले असत्कर्ममा प्रीति गरी अगम्यागमन, सुरापान, वेश्यागमन, द्यूतकर्म आदि पापले अनेक तरहका व्रणरोगले विरूप भइरहेका थिए । त्यस्तो अवस्था देखी बन्धुवर्ग र सुहृद्हरूले विरूपाक्ष भन्ने नाम राखी निन्दा गर्न लागे । त्यसरी गरेको निन्दा सहन नसकी उनी आफ्नो घर छोडी देशदेशमा घुम्दै जांदा एक दिन कौशिकी नदीमा पुगे । व्रणरोगका प्रभावले पीडित भई पाप शान्ति गरूं भनी स्नान गर्दा पनि पीडा शान्त भएन र कष्ट सही विलाप गर्न लागे । त्यसै बखतमा ने मुनिले विरूपाक्षलाई देखी बाघ हात्ती लाग्ने यस्तो घोर जंगलमा यो रोगी कहांबाट आइपुग्यो भन्ने विचार गरी नगीचमा गई सोधे " तिमी को होऊ, किन यस्तो घोर जंगलमा आइपुग्यौ ?" "हे मुनीश्वर, म धर्म शर्माको पुत्र हुं । अनेक कुकर्म गरेको हुनाले त्यसै कुकर्मले गर्दा यस्तो फल पाएं । अब म कहां जाऊं, के गरूं" भनी विरूपाक्षले ने मुनिका चरणकमलमा साष्टांग दण्डवत् गरे । ने मुनिले विरूपाक्षको दुःखमा दया गरी उपदेश गरे "हे विरूपाक्ष, मैले पालना गरेको यस देशमा कोटियौं तीर्थहरू छन् । देवगन्धर्वहरूले पूजित भएका चतुःषष्ठि शिवलिंग छन् । पाप नाश गर्ने प्रसिद्ध नदीहरू छन् । यी सम्पूर्ण तीर्थमा स्नान गरी शिवलिंगका पूजा गर, तिम्रो सबै रोग नष्ट हुनेछ ।" विरूपाक्षले फेरि सोधे "कहां कहां स्नान गर्नुपर्दछ र कहां कहां पूजा गर्नुपर्दछ ? यस यात्राको अनुक्रम कस्तो छ?" विरूपाक्षदेखि प्रसन्न भएका मुनिले विधि बताए । "हे विरूपाक्ष, तीर्थ गर्न जांदा कसैसंग नबोल्नू । मनलाई आफ्नो अधीनमा राखी तीर्थमा स्नान र पूजा गर्नू । सकल पापरोग छुटी कैलाशवास पाउनेछौ ।" भनी अघि तीर्थ गरी पाप छुटी उत्तम गति पाएका व्यक्तिहरूको इतिहास सुनाउनाका साथै विरूपाक्षलाई तीर्थयात्राको विधि पनि बताए ।

त्यसपछि ने मुनिका उपदेशले नेपालक्षेत्रका तीर्थहरू विधिपूर्वक घुम्दै जांदा विरूपाक्षका शरीरको व्रणरोग शान्त हुंदै गयो। तर केही रोग भने बांकी नै रह्यो। फेरि मणिचूड-पर्वतमा गई ने मुनिको दर्शन गरे। केही रोग बांकी भएका रूपाक्षलाई देखी ने मुनिले संझाए "हे विरूपाक्ष, तिमी यहां बसेर देवीको तपस्या गर। यो बांकी रहेको रोग पनि छुट्नेछ।" नें मुनिको यस्तो उपदेश सुनी विरूपाक्षले त्यहीं बसी धेरै काल-सम्म तपस्या गरे। उनको तपस्याबाट देवी प्रसन्न हुनुभयो। "हे विरूपाक्ष, तिम्रा तपस्याले म प्रसन्न भएं । अब यो तिम्रो व्रणरोग निःशेष हुनेछ। तिमी सिद्ध पनि भए।" यस्तो विरूपाक्षलाई वरदान दिई देवी अन्तर्ध्यान हुनुभयो। विरूपाक्षले सबै तीर्थमा स्नान र मणिचूडमा तपस्या गरी देवीबाट वरदान पाएर सिद्ध भई अद्यापि यसै तीर्थमा छन् भन्ने प्रसिद्ध छ। यो कथा हिमवत्खण्डको ८८,१६१ अध्यायमा छ।

## बुद्धावतारको कथा

राजा बलिको हुकुमअनुसार दैत्यहरूले देवताहरूलाई जिती स्वर्गको राज्य पाउनाका निमित्त हिमालयको उत्तर ज्ञानतीर्थ भन्ने स्थानमा गई शुक्राचार्यबाट संकल्प गराई दिव्य हजार वर्षसम्म विष्णुको तपस्या गरे। "दैत्यहरूको उद्धारका निमित्त शान्तिमार्गको ज्ञानोपदेशका साथै राज्यको लोभ त्याग गराई उद्धार गर। देवतालाई पनि दैत्यहरूले जिती आफ्नो राज्य लिनन् भन्ने भय छुटाऊ" यस्तो महादेवको आज्ञानुसार विष्णुले राजा शुद्धोदनकी रानीं मायादेवीका गर्भबाट कलियुगको अन्त्यमा असल ग्रहयोग पारी बुध वार र श्रवण नक्षत्र योग भएको माघ शुक्ल चतुर्थीका दिन पैदा भई बुद्ध अवतार लिनुभयो। जन्म भएको दिनमा भगवान्‌को बुद्ध अवतार भएको देखी ब्रह्मादि देवताहरूले स्वर्गबाट आई बडो उत्सव मनाए। ती बालक शुक्ल पक्षका चन्द्रमा झैं बराबर बढे। तीन वर्षको उमेरमा चूडा र सात वर्षको उमेरमा उपनयन कर्म भयो। उनलाई ब्रह्माले दण्ड, शिवले भिक्षापात्र, गुरुले कषायवस्त्र र इन्द्रले छत्र दिए। अरू देवताहरू पनि आई चमरपंखा हंकी सेवा गर्न लागे।

त्यसपछि बुद्धधर्म लिएर बुद्धमार्गी शिष्यगणले युक्त भई पिण्डपात्र, दण्ड, चक्र, छत्रहरू लिई ज्ञानतीर्थमा तपस्या गर्न लागेका दानवहरूका अगाडि गई भने "हे दैत्य हो, तिमीहरूले हजार वर्षसम्म उग्र तप गर्नाले म प्रसन्न भएं। इच्छा लागेको वर माग।" यस्तो भगवान् बुद्धको आज्ञा सुनी दैत्यहरूले पनि स्तुति गरी "हामीलाई त्रैलोक्य मंथन गर्न सक्ने सामर्थ्य बक्सियोस्। हामीलाई स्वर्गका राज्यको ठूलो इच्छा छ। सो पूर्ण होओस्" भनी वर मागें। दैत्यहरूको यस्तो वचन सुनी लोकको रक्षाका निमित्त खूब विचार गरी मुसुक्क हांसी आफ्ना मायाले मोह गराउने गरी बुद्धले उपदेश गरे। "हे तपस्वी हो, तिमीहरूको मनोरथ सुन्दा मलाई साह्रै आश्चर्य लाग्यो। तिमीहरू यति ठूला तपस्वी भएर पनि अदना मानिस झैं मोह भयौ। ज्ञानवृद्धिको मार्गमा नलागेर नानाप्रकारको परपीडा गर्नुपर्ने हिंसामय राज्यको लोभ गर्छौ। राज्यबाट परात्मालाई पीडा, परधनको लोभ, दुर्बलको हिंसा, आफ्ना शरीरको पुष्टि, नरकको दुःखसिबाय सुखको लेश मात्र पनि हुंदैन। अहिंसाबराबरको परमव्रत, परमसुख, परमधर्म र परमपुण्य अर्को कुनै छैन। हिंसा जस्तो वेदना, पाप, आयुनाशक, दुःखकारी र यश, धन, शरीरहरूको नाशक अर्को कुनै छैन। त्यस कारण हिंसामय राज्यमा मन डुलाई यस्तो दुर्लभ र अमूल्य आत्मालाई व्यर्थ नफाल। यो दुःखमय संसार अज्ञानमूलक छ। प्रकाशबाट अन्धकारको नाश भए झैं ज्ञानबाट संसारको अज्ञान नाश हुन्छ। तसर्थ नानाप्रकारको सांसारिक दुःखको घर भएको राज्यको तृष्णा छोड र शान्ति गर्ने ज्ञानमार्ग-मा प्रवृत्त भई आफ्ना आत्माको उद्धार गर।" यस्तो भगवान् बुद्धको उपदेश सुन्दा अन्धकारले व्याप्त गरेका दैत्यहरूका हृदयमा ज्ञान–सूर्यको प्रकाश फैलिई बुद्धको स्तुति गरे। अनि देवताहरूको राज्य लिने इच्छा छाडी पातालमा गई दैत्यहरूले खुशीराजीसंग वास गरे। देवताहरू पनि भगवान् बुद्धको अनुग्रहले निर्भय भई जातिस्मरण तीर्थमा आई बुद्धको स्तुति र नमस्कार गरी खुशी भई आआफ्ना लोकमा गए। यस जातिस्मरणतीर्थमा स्नान गर्नाले मनुष्य, पशु, पक्षी सबलाई पूर्वजन्मको स्मरण हुन्छ। यसकारण सो तीर्थ अति पुण्यदायी भनी प्रसिद्ध भयो। यो बुद्धावतारको कथा हिमवत्खण्डको ६४ अध्यायमा छ।

## गुणाढ्यले गरेको भृङ्गीश्वरको स्थापना

एक दिन अति रमणीय कैलाश पर्वतमा एकान्त पारी पार्वतीले शिवसंग भनिन् "हे ईश्वर, मलाई कसैले पनि नसुनेको विचित्र कथा सुन्ने इच्छा छ। त्यो इच्छा हजुरबाट पूरा गरिबक्से बढिया हुने थियो।" भनी महादेवसंग विन्ति गर्दा महादेवबाट नन्दीलाई ढोकामा पालो बस्नू, कसैलाई पनि भित्र आउन नदिनू भनी खटाई अपूर्व कथा सुनाउन लागे। त्यो खबर पाई भृङ्गीले यस मौकामा अपूर्व कथा सुन्नेपर्छ भन्ने विचार गरी भ्रमरको रूप लिएर ढोकाको चौकीबाट भित्र पसी एक कुनामा बसेर सुन्न लागे। यसरी दिनदिनै महादेवले पार्वतीलाई बताएको सबै कथा सुनेर आफ्नी स्त्री विजया नाउंकी पार्वतीकी संगिनीलाई सुनाउने गर्दथे। एक दिन

पार्वतीले आफ्ना सखीहरू सबै जम्मा गरी तिमीहरूले कहिल्यै नसुनेको कथा भन्छु , सुन भनी सोही कथा सुनाउन लागिन् । विजयाले यो कथा अपूर्व होइन, मैले पनि जानेकी छु भनी विन्ति गरिन् । पार्वतीले महादेवसंग "प्रभु, हजुरले त कसैले पनि नसुनेको कथा भनी मलाई छकाइबक्सिएछ । त्यो कथा त मेरी सखी विजयाले पनि जानेकी रहिछ ।" भनी विन्ति चढाउंदा महादेवले ध्यानदृष्टिले विचार गरे । भृङ्गीले भ्रमस्वरूप लिई छलसंग सुन्न आएको थाहा पाएर रिसाई भृङ्गीलाई डाके । अनि "तैंले मेरा वचनको अपमान गरेको हुनाले मनुष्यलोकमा जा" भन्ने सराप दिए । अनि भृङ्गीले "अजान सेवकको बुद्धि पुगेन, क्षमा रहोस्" भनी धेरै प्रार्थना गरे । "मेरो वाक्य अन्यथा हुन सक्तैन । पृथ्वीमा विद्वान् धर्मात्मा ब्राह्मण भई नौ लाख प्रमाण भएको कथा बनाई परम दुर्लभ क्षेत्रमा शिवलिंग स्थापना गरेपछि सरापबाट मुक्त भई तं फेरि मेरो कैलाशमा आउन पाउलास् ।" भनी शिवले सुनाए।

त्यसपछि भृङ्गी कैलाशबाट पतन भई मर्त्यलोकमा आए र मथुरामा विष्णुदत्त नामक ब्राह्मणका पुत्र गुणाढ्य भन्ने नाम लिई जन्मे। ती गुणाढ्य संपूर्ण शास्त्र पढी ठूलो विद्वान् भई बाबुका शेषपछि उज्जयिनी नगरीका राजा मदनको दरवारमा पुगे । सर्ववर्मा नामक राजपण्डितले जांच्दा असल पण्डित ठहरी ती राजाका दरवारिया पण्डित बने । ती राजा केही नपढेका थिए । तिनकी रानी लीलावती शास्त्रहरू पढेकी थिइन् । रानीको शरमले गर्दा राजाले मलाई व्याकरणको बोध चांडो गराउन को सक्तछ भनी सोधे । गुणाढ्यले १२ वर्षसम्ममा व्याकरणको ज्ञान गराउन सक्तछु भने । सर्ववर्माले २ वर्षमा बोध गराउन सक्तछु भने । गुणाढ्यले रिसाउंदै भने "यो कुरा हुनै नसक्ने हो । दुइ वर्षमा तिमीले व्याकरण शास्त्रको बोध गराउन सक्यौ भने मैले आजतक पढेको शास्त्र, संस्कृतभाषा, धनसर्वस्व सबै त्याग गरी वन पस्नेछु ।" भन्ने प्रतिज्ञा गरे । सर्ववर्माले पनि प्रतिज्ञा गरे "मैले यति गराउन सकिन भने म पनि त्यसै गर्नेछु ।" सर्ववर्मा त्यहांबाट घरमा आई मैले आफ्नो महत्व राख्नलाई हुन नसक्ने कुराको प्रतिज्ञा गरें। अब के गरूं भनी चिन्तित भई स्वामिकार्तिकको शरण परे । उहांबाट कलापव्याकरण भन्ने नयां सजिलो र संक्षिप्त व्याकरणको उपदेश पाई राजालाई पढाएर २ वर्षभित्र तयार गराए । यस्तो अवस्था देख्दा कबूल हारेको हुनाले गुणाढ्यले शास्त्र, भाषा, धन सबै त्याग गरी वन पसे । उनी मौनव्रती भै बसेका ठाउंमा पुलस्त्य ऋषि आई" "अब तिमीले संस्कृत-भाषाको त्याग गरे पनि पिचाचभाषामा नौ लाख प्रमाण भएको कथा बनाऊ । अनि परमपुण्य नेपालक्षेत्रमा गई शिवलिंगको स्थापना गरेपछि शिवको श्रापबाट छुट्नेछौ" यस्तो उपदेश पाई त्यस्तो कथा बनाएर रूखको पात टिपी त्यसमा धातुको रंगले लेख्न थाले। त्यस्तो कथा पढ्न लाग्दा वनजन्तुहरू पनि त्यस कथाको रसमा डुबी खानपीन छाडेर लठ भई त्यहीं रहन लागे ।

एक दिन राजा मदनले आफूले खाने मासु सुक्खा देखी त्यसको कारण सोधखोज गरे । वनमा कुनै मानिसले भन्न लागेको कथा सुनी लठ्ठ भई मृगहरूले खानपीन सबै छाडेका छन् । त्यसकारण मासु यस्तो सुक्खा भएको हो" भनी एउटा मानिसले विन्ति चढायो । राजा आश्चर्य भई आफ्ना गुरु सर्ववर्मासमेत भै वनमा गई हेर्दा गुणाढ्यलाई देखे। राजाले भने "पण्डितजी, अब शहरमा जाऊं हिंड्नुहोस् ।" गुणाढ्यले भने "महाराज, म अब शहरमा जान्न, मैले पिशाच-भाषामा लेखेको यो कथा लिई संस्कृतभाषामा उल्था गरी प्रकाश गर्नुहोला । म अब आफ्नो उद्धार गर्न नेपाल देशमा जान्छु ।" भनी राजालाई त्यो कथा दिई राजासंग बिदा भै गुणाढ्य नेपालतिर लागे। गुणाढ्यले नेपालमा आई वाग्मतीमा स्नान गरेर श्रीपशुपतिको दर्शन गरी मार्कण्डेयले जैमिनि ऋषिलाई बताएको नेपाल क्षेत्रको तीर्थयात्रा र क्षेत्रप्रद-क्षिणाको विधानबमोजिम पहिले पशुपतिको दर्शन गरी, दक्षिणद्वारबाट निस्की, राजराजेश्वरी, कीर्त्तिमुखभैरव, वत्सला, गुह्येश्वरीको दर्शन, चैलगंगामा स्नान, गोकर्णेश्वर, कारुणिकेश्वर, सुन्दरी, बज्रयोगिनी, गरुडनारायण, कीलेश्वर वागीश्वर, वाल्मीकीश्वरीको दर्शन, त्रिचंपकतलाउमा स्नान, माधवको पूजा, चण्डेश्वर, धनेश्वर, गोखुरेश्वर, इन्द्रेश्वरको दर्शन, लीलावती रोषमती संगममा स्नान, आशापुरेश्वर, डोलेश्वर, सूर्यविनायक, अनन्तलिंगेश्वरको दर्शन, विमलोदकामा स्नान, बज्रवाराही, भारभूतेश्वरको दर्शन, भुजंगशैलको द्वारमा रहेका गणेशको पूजा, योनिछिद्र-बाट पसी भारभूतेश्वरको दर्शन, मनःशिलातीर्थमा स्नान, हरि-हरभैरवको दर्शन, मातातीर्थमा स्नान, हरिसिद्धि, गोपाले-श्वर, पाण्डुकेश्वर, चतुर्वक्त्रेश्वर, इन्द्रेश्वर, इचंगुनारायणको दर्शन, महाचीनबाट आएर परमानन्दकमलबाट प्रकट भएका बुद्धको दर्शन, विष्णुमतीमा स्नान, लुण्ठिकेश्वर, अनन्तशयन, विशंखुनारायण, जयवागीश्वरीको दर्शन आदि क्रमैसंग गरी फेरि पशुपतिको दर्शन गरेर तीर्थयात्रा समाप्त गरे ।

त्यसपछि नेपालका मुनिहरूलाई डाकी एक शिवलिंग स्थापना गरे। मुनिमा उत्तम हारीतका उपदेशले ती शिवलिंग-को नाम भृङ्गेश्वर राखी विधिपूर्वक ब्राह्मणभोजन आदि गराए। त्यो काम समाप्त गर्ने बित्तिकै गुणाढ्यको श्राप समाप्त भएको हुनाले आकाशबाट पुष्पवृष्टिका साथै उनलाई लिन

कैलाशबाट रुद्रगणसहितको विमान आयो । त्यो शिवलिंग स्थापना गरेको पुण्यले गुणाढ्य श्रापमुक्त भएर शिवरूप भई कैलाशमा पुगेर फेरि महादेवको गण भई बसे । यी भृङ्गेश्वरको ठूलो महात्म्य छ । यिनको दर्शनले नाना प्रकारका पापबाट मुक्त हुन्छ भन्ने कथा नेपालमहात्म्यको २७–३० अध्यायमा छ ।

## बौद्धमतले स्वयम्भूको उत्पत्ति र प्रचार

हिमालयको दक्षिणपट्टिको सरोवरमा नागहरूको वास भएको हुनाले नागवासह्रद भनी प्रसिद्ध थियो । सत्ययुगमा बन्धुमती शहरबाट आएका श्रीविपश्वी नामक बुद्धले बुद्धको आविर्भाव गर्न त्यस ह्रदमा एक कमलको कन्द रोपे । आफ्ना शिष्यहरूलाई उपदेश दिई उनी फर्के । त्यस बीजबाट उम्री फुलेको फूलमा ज्योति:स्वरूप स्वयम्भू प्रकट भए । त्यस ठाउंमा ज्योति:स्वरूप स्वयम्भूको आविर्भाव भएको थाहा पाई शिखिबुद्ध त्रिभुवन बुद्धहरू आई दर्शन गरे । पछि त्रेतायुगमा महाचीनबाट मंजुश्री नामक बोधिसत्व आई जलमय भएको त्यस ह्रदमा गुप्त भइरहेका स्वयम्भूलाई प्रकाश पार्न दक्षिणतिरको पर्वत काटे । निकास खुलाई जल घटाउन लाग्दा त्यहां रहेका सब नागहरू भाग्न लागे । त्यसमध्ये कर्कोटक नामक नागलाई यस क्षेत्रको धन द्रव्य आदिको तिमी स्वामी भयौ भनी उनलाई यहीं राखे। ज्योति:स्वरूप स्वयंभूको पत्ता लगाउन खोजी गर्दा पद्मबीज परेको ठाउंबाट जल बराबर बढ्दै आएको देखी जलबन्धन गरे । त्यस ठाउंमा गुह्येश्वरी देवीको स्थान देखेर दर्शन गरी त्यस पद्मनाललाई त्यहांबाट अलि पर लगी त्यस पर्वतलाई पद्मगिरि भन्ने नाम प्रसिद्ध गरे । त्यही पर्वतमा पद्ममाथि रहेका ज्योति:स्वरूप स्वयम्भूनाथको प्रकाश गराए । त्यसपछि त्यस पर्वतदेखि गुह्येश्वरीसम्म आफ्ना नाउंले मंजुपत्तन नाउं गरेको शहर बसाए । आफ्ना शिष्यवर्गलाई बुद्धदीक्षा र तन्त्रमार्गहरूको उपदेश गरी गृहस्थधर्ममा रहन खोज्नेलाई सोही धर्मको उपदेश गरी त्यस धर्मको इच्छा नगर्नेलाई विहार बनाई विहारमा राखी धर्माकरलाई यस ठाउंको राजा तुल्याई आफू महाचीनैतर्फ फर्के । उनका शिष्यले मंजुश्री चैत्य पनि बनाए । पछि अनेक बोधिसत्वहरू ठाउंठाउंबाट बराबर आई स्वयम्भूको दर्शन तप आदि गरे। साथै अनेक तीर्थको प्रकाश पनि गरे। धर्माकरपछि धर्मपाल र उनका पछि सुधन्वा राजा भए। उनले इक्षुमतीको किनारमा सांकाश्य नगर बसाई त्यहीं वास गरे ।

केही कालपछि स्वयंभू बुद्धको दर्शन गरी फर्केका सांकाश्य बुद्धका उपदेशले गौडदेशका राजा प्रचण्ड वर्मा यहां आई मंजुश्रीका शिष्य गुणाकर भिक्षुबाट प्रव्रज्या लिई आचार्य पदवी पाए । आफ्नो देशको राज्य आफ्ना छोरालाई सुम्पी नेपालमै बसी शान्तिकर नामक भिक्षु बने । उनले अब यो कलियुग प्राप्त हुने बखतमा ज्योति:स्वरूप प्रकाश भइरहन ठीक छैन भनी ज्योति:स्वरूप स्वयम्भूलाई शिलाले छोपी पत्राकार गरी त्यसमाथि विधिपूर्वक ठूलो चैत्य बनाए। त्यसै ठाउंका वरिपरि, वसुपुर, अग्निपुर, वायुपुर, नागपुर, शान्तिपुर यी पांच पुर बनाई आफू शान्तिपुरभित्र ध्यानमा लीन भई बस्ने गरे। पछि वाराणसीका धर्मश्रीमित्रले मंजुश्रीबाट ज्ञानोपदेश लिन भनी चीन जानलाई नेपाल आइपुगे । मंजुश्रीले कृपा गरी नेपालैमा कृषकको रूपले दर्शन दिई ज्ञानोपदेश दिएर पठाए। मंजुश्रीले दर्शन दिएको खेत सावाभूमि भनी प्रसिद्ध भयो। त्यस खेतमा धान नरोपी अरू खेतमा धान रोप्नु हुंदैन भन्ने चलन छ । पछि गौडका राजा शक्तिदेव र उनका सन्तानले राज्य गर्न लागे । राजा गुणकामदेवका पालामा साह्रै अनावृष्टि हुंदा स्वयम्भूको शान्तिपुरमा गुप्त भइरहेका शान्तिकरका शरणमा गए। उनद्वारा नवनाग साधना गर्दा नागहरू त्यहां आए। नागहरूले आफ्नाआफ्ना रगतले आफ्नो आफ्नो मूर्ति लेखी दिए र अनावृष्टि भएमा यिनै मूर्तिको पूजा गर्नू सुवृष्टि हुन्छ भन्ने व्यवस्था गरी नागहरू आफाफ्ना स्थानमा गए। कर्कोटक त्यहां जांदा स्वयंभूको आग्नेयतिर बाटामा विश्राम गरेको ठाउ नागशिला भन्ने नागबाटो (नागहरू हिंडेको बाटो) भनी प्रसिद्ध छ। त्यसपछि बीचबीचमा दीपंकर तथागत, आर्यावलोकितेश्वर, हरिवाहनेश्वर र लोकेश्वरहरू पनि बराबर यहां प्रकट हुन लागे। धेरै विहार पनि बने ।

अघि नागार्जुनपाद नाम गरेका आचार्यले एक पर्वतका गुफामा बसी अक्षोभ्य बुद्धको तप गरे। उनले तप गर्दा दानासुरले नेपालखाल्टाको पानी थुन्दा आफू भएको ठाउंमा पानी र धेर नागहरूसमेत आएको देखी नागार्जुनले त्यस नागलाई त्यहीं स्थापना गरीं माटाका धेरै चैत्यहरू पनि बनाए। आफू त्यहीं गुफामा निर्वाण भए। त्यहांदेखि त्यस पर्वतलाई त्यस सिद्धपुण्यपर्वत मानी मरेका बुद्धमार्गीहरूको अस्थिप्रक्षेपण गर्नाले असल गति हुन्छ भन्ने प्रसिद्ध गराए ।

कुनै दिन दानासुरले पानी थुन्नाले तलाउ भइरहेको नेपालमा दोलखाबाट भीमसेन जलक्रीडा गर्न डुंगामा बसी दैत्यकन्याहरू मगाई भीमेश्वर शिवलिंग स्थापना गरी गए । त्यही डुंगा भीमढुंगामा छंदैछ भन्ने प्रसिद्ध छ। यस्ता किसिमसंग स्वयम्भूका भक्त धेरै बुद्धिमार्गी आचार्यहरूले बुद्धमार्गको उपदेश गर्ने हुनाले र पछिका राजा पनि कुनै कुनै बुद्धमार्गी

भई बुद्धमार्गको प्रचार गराउने हुनाले नेपालमा बुद्धमार्गीहरू पनि प्राचीन कालदेखि नै छन्। यस्तो स्वयम्भूको उत्पत्ति र बुद्धधर्म प्रचार भएको कुरा बौद्धसंप्रदायका मानिसहरू भन्दछन्।

हिमवत्खंडको अध्यायमा धर्मधातुस्वरूप जलमय भएको नेपालमा परमानन्दस्वरूप कमलमा महाचीनबाट बुद्धदेव आई रहनुभएको छ भन्ने कुरा लेखिएको छ।

**परमानदकन्दाऽब्जे धर्मधातुद्रवे जले।**
**महाचीनात्समागत्य बुद्धदेवः स्वयं स्थितः।**

नेपालमहात्म्य १ अध्यायमा सौराष्ट्रदेशबाट बुद्धस्वरूप भगवान् नेपालमा आई मणिपर्वतमा बज्रयोगिनीको तप गर्दा भगवती प्रसन्न भइन्। वर माग भन्दा "यस देशका मानिस सदाचारी होऊन्" भन्ने वर बुद्धले मागे। "हे बुद्ध, यो क्षेत्र शिवजीले बनाएको हो। यसमा तिमीले पनि तप गर्‍यौ। यसकारण यहांका मानिस शिवमार्गी र बुद्धमार्गी पनि होलान्" भन्ने भगवतीले वर दिइन्। बुद्धले पनि कारुणिकेश्वर शिवलिंगको स्थापना गरे। त्यसैले नेपालमा शिवमार्ग र बुद्धमार्ग दुवै चलेको कारण लेखिएको छ।

**शिवेन रचितं क्षेत्रं भवतापि तपः कृतम्।**
**अतः क्षेत्रोत्तमे बुद्ध शैवाचारपरायणाः।**
**बौद्धाचारपरा लोका भविष्यन्ति न संशयः।**

कुनै बौद्धसंप्रदायका ग्रन्थमा महेन्द्रदमन दैत्यले आफ्नी बहिनी प्रभावतीलाई जलविहार गर्नाका निमित्त वाग्मतीको जल थुनी १६ वर्षसम्म जल पूर्ण गरी तलाउ तुल्याएको थियो। त्यस तलाउका बीचमा केही उँचो जमीनको नगीच पारी एक कमल उत्पन्न भयो। त्यही कमलका बीचमा ज्योतिःस्वरूप स्वयम्भूको प्रादुर्भाव भयो। अनि मंजुश्री आई स्वयम्भू भगवान्को प्रकाश गरे। सोही कमल र स्वयम्भू उत्पन्न भएको स्थानलाई पद्मगिरि नाम राखी त्यहां स्वयम्भूको आराधना गर्न देवताहरू आउन लागे भनी यस्तो किसिमसंग स्वयम्भूको उत्पत्तिको कुरा लेखिएको छ।

## पिंगला रानीको कथा र श्वेत विनायकको उत्पत्ति

कुनै कालमा मारवाड देशका राजा सुदत्तकी रानी पिंगला नामकी थिइन्। उनलाई राजाले ज्यादा हेलां गरेका हुनाले बहुतै दिक्क भई मेराउपर स्वामीको सुदृष्टि कहिले होला, कसरी होला भन्ने नाना तरहका कुरा मनमा लिई देवदेवताहरू पुकारिरहन्थिन्। एक दिन पाशुपतक्षेत्रमा विराजमान भएकी गुह्येश्वरीको सपनामा दर्शन पाउंदा यिनै भगवतीको शरणमा गई आराधना गरे मेरो दुःख हट्ला भन्ने संझी दरवारबाट निस्किन्। फकीरनीको भेष लिई देशविदेश घुम्दै बडो क्लेश सहन गरी नेपालमा आइपुगिन्। आफूले सपनामा जस्तो, जुन स्थलमा भगवतीको दर्शन पाएकी थिइन्, त्यस्तै ठाउंमा श्रीगुह्येश्वरीको पीठ देखिन्। त्यहीं बसेर निराहार गरी नानातरहको तपस्या गर्दा एक दिन भगवती प्रसन्न भई भनिन्। "तिम्रो मनोरथ चांडै पूर्ण हुनेछ"। वर दिई अन्तर्ध्यान भएपछि रानी बहुतै खुश भई भगवतीका स्थानदेखि केही पर मंजुविहार नामको विहार र चार धारासमेत बनाई त्यसै विहारमा बसिन्। मोहिनीस्वरूप भगवतीको आराधना गरिरहंदा लोहवान् नाम गरेका देवगणहरूले लोहक्रीडा गरेका लोहखण्डहरू शिला भई त्यसबाट लोहशिला नामक कुमारीगण पैदा भई त्यहां अनेक प्रकारको उत्पात गर्न लागे। रानी पिंगला डराई भगवती गुह्येश्वरीको पुकार गर्दा "विघ्न नाश गर्ने श्वेतविनायकको आराधना गरी स्थापना गर, विघ्न नाश हुनेछ" भन्ने उपदेश पाई श्वेतविनायकको आराधना गरी स्थापना गरिन्। त्यसबाट सबै विघ्नहरू शान्त भएका हुनाले निर्विघ्नपूर्वक भगवतीको आराधना गरी बसिरहेकी थिइन्।

केही वर्षपछि यिनै पिंगला रानीले गरेको धर्म व्रतका प्रभावले उनका स्वामी राजा सुदत्तको चित्त चंचल भई रानीलाई संझे। अनि रानीको खोजीमा नानादेश भ्रमण गर्दै एक दिन नेपालक्षेत्रको गुह्येश्वरी पीठमा आइपुगे। त्यसै बीचमा रानी पनि धर्म व्रतका प्रभावले दिव्य सुन्दरी भएकी हुनाले देवताहरूले छेकी समातन तयार भए। रानी हडबडाई "हे भगवती मलाई रक्षा गर्नुहोस्। म पिंगला रानी हुं। मेरो धर्म व्रतलाई रक्षा गर्नुहोस्" भनी भगवतीको पुकार गर्दा राजा सुदत्तले सुनी नजीक गई हेरे र मेरी रानी यस्ती दिव्यसुन्दरी त थिइनन् भन्ने विचार गरी दोमन भए। आखिर राजारानी दुवैले परस्परमा चिन्दा रानीले प्रणाम गरिन्। राजा सुदत्तले "हे देवता हो, यी मेरी रानी हुन्। यिनलाई तिमीहरू किन हरण गरी लैजान खोज्दछौ, यहां नबस जाओ" भनी हप्काउंदा देवताहरूले घेरी "यो झूटो बोल्दछ, यस्ती दिव्यसुन्दरी स्त्री यस मनुष्यको कसरी हुनसक्छ ? "भनी मार्न तयार भए। त्यसै बखतमा गुह्येश्वरीबाट आकाशवाणी भयो "यी राजारानी पतिपत्नी हुन्। तिमीहरू यसो नगर।" अनि देवताहरू पनि पनि त्यहींबाट आफआफ्ना स्थानमा गए। अनि ती राजारानीले आनन्दपूर्वक केही वर्षसम्म रानीले बनाएको मंजुविहारमा

बसी भगवतीको सेवा गरे। केही दिनपछि "अब तिमीहरू आफ्ना देशमा जाओ र आनन्दसंग राज्यभोग गर। अन्त्यमा उत्तम गति पाउनेछौ।" यस्तो भगवतीबाट वरदान पाएर आफ्ना देशतर्फ गई राज्यभोग गरी अन्त्यमा उद्धार भए भन्ने कथा कुनै बौद्धग्रन्थमा छ ।

## मणिमतीको उत्पत्ति

दोलागिरिको उत्तरपट्टि मणिमय मणिमत् पर्वतमा सबै लोकको हित कामना गरी मणितीर्थको ह्रदमा महादेवको आवाहन गरी ब्रह्माले ठूलो तपस्या गरे। त्यस ह्रदमा मणिमयलिंगस्वरूप महादेव प्रकट हुनुभयो। उहांको मणिमय शिरबाट पुण्यनदी निस्केर बहिन्। तिनै शिवका शिरबाट निस्केकी मणिमती नामक नदीको ठूलो महात्म्य भयो भन्ने कुरा हिमवत्खण्डको ८७ अध्यायमा लेखिएको छ ।

नेपाल महात्म्यको १ अध्यायमा बुद्धले मणिपर्वतमा बज्रयोगिनीको तप गर्दा तिनको पसीनाबाट मणिमती नदी निस्किन् भन्ने कुरा लेखिएको छ। यी मणिमती नदीका जम्मा तीर्थ ६४ छन्। यिनै मणिमती नदीको नाम मनोहरा पनि प्रसिद्ध छ। मनोहरा र वाग्मतीका बीचको जमीनलाई धर्मभूमि भन्दछन् भन्ने कुरा नेपाल महात्म्यको ११ अध्यायमा छ ।

**मनोहराया वाग्मत्या मध्ये या वर्तते मही ।**
**धर्मभूमिरियं ख्याता सदा धर्मविबर्द्धिनी ।**

## रुद्रधारा तीर्थको उत्पत्ति

वाग्मती र मणिमतीको संगममा शंखासुरले शिवको ठूलो भक्ति गरी शिव शिव रुद्र रुद्र भन्दै बाह्र वर्षसम्म तप गर्दा महादेवले दर्शन र वरदान दिनुभयो। त्यसै वेला पातालकी गंगाको धार जमीन फोरी माथि निस्क्यो। त्यही पातालगंगाको धारालाई रुद्रधारातीर्थ भन्छन्। तीन नदीको संगम हुनाले त्रिवेणी पनि बन्यो। शिवको वरदानले शंखासुर सधैं त्यहां रहने हुनाले शंखमूलतीर्थ भन्ने प्रसिद्ध भयो ।

## विष्णुमतीको उत्पत्ति

वाग्मतीको पश्चिम भागबाट निस्केकी नदी विष्णुको पाउबाट निस्केकी हुनाले विष्णुपदी भन्ने नामले प्रसिद्ध भइन्। यिनका तीर्थ २ छन्। यिनैलाई विष्णुमती पनि भन्छन्। यी विष्णुपदीको वर्णन कृष्णले प्रद्युम्नलाई नेपालका तीर्थहरू देखाउंदै जान लागेका बखतमा बताएको कुरा नेपालमहात्म्यको ११ अध्यायमा छ ।

**नदीं विष्णुपदीं पश्य फेनोर्मिधवलां शुभाम् ।**
**यत्र स्नानेन मनुजो विष्णुलोकं प्रपश्यति ।**

वाग्मती र विष्णुमतीको बीचको जमीनलाई सिद्धभूमि भन्दछन् भन्ने कुरा नेपालमहात्म्यको ११ अध्यायमा छ ।

**वाग्मत्या विष्णुमत्याश्च मध्ये या वर्तते मही ।**
**सिद्धभूमिस्तु सा प्रोक्ता तत्र पापं न विद्यते**

*क्रमशः*